नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

**स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम**






असार २०७३

वर्ष १
अङ्क १


# स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम एलजिसिडिपी (LGCDP) को संक्षिप्त परिचय

लोकतान्त्रिक मूल्य र अधिकारमा आधारित विकासमा पहुँचको मान्यतालाई आत्मसाथ गर्दै नागरिक केन्द्रित शासन प्रकृयाको माध्यमवाट नागरिकहरुलाई प्रभावकारी रुपमा सेवा र सुबिधा उपलब्ध गराई उनीहरुको जीवनस्तरमा सुधार ल्याउने नेपाल सरकारको प्रतिबद्धतालाई कार्यान्वयनमा ल्याउनका लागि संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयको संयोजन र विभिन्न विकास साझेदार समेतको सहयोगमा संचालित नेपाल सरकारको राष्ट्रिय कार्यक्रम नै स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम हो । यो कार्यक्रम कुनै परियोजना नभई समग्रमा विकेन्द्रित शासन व्यवस्थालाई सुदृढीकरण गर्ने नेपाल सरकारको वृहत्तर प्रारुप सहितको कार्यक्रम हो । यो कार्यक्रम नेपालका सवै जिविस, गाविस तथा नगरपालिकाहरुमा स्थानीय निकायहरु मार्फत कार्यान्वयन भइरहेको छ । स्थानीय शासन प्रकृयाको सवलीकरण र सामुदायिक विकास मान्यताको प्रवर्द्धन स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको प्रमुख ध्येय रहेको छ ।

कार्यक्रमको पहिलो चरण जुलाई २००८ देखि जुलाई २०१३ सम्म सञ्चालन भएको थियो । पहिलो चरणको कार्यक्रमवाट प्राप्त नतिजा र सिकाईका आधारमा कार्यक्रमका केही पक्षहरुमा परिमार्जन गरी कार्यक्रमको दोश्रो चरण २०१३ जुलाईदेखि २०१७ जुलाईसम्म सञ्चालनमा रहनेछ । यो कार्यक्रमलाई हाल एशियाली विकास बैंक, वेलायत विकास नियोग, डेनमार्क सरकार, नर्वेजियन सरकार, स्वीस सरकार, जर्मन सरकार, जापान सरकार, युएनडिपी, युनिसेफ, युएनसिडीएफ, युएनएफपीए, युएन वुमेन, युएनभीवाट आर्थिक तथा प्राविधिक साझेदारिता रहेको छ । नागरिक सशक्तिकरण, सामाजिक उत्तरदायित्व, क्षमता विकास तथा सेवा प्रवाहमा सुधार, विकेन्द्रित एवं संघीय शासन व्यवस्था कार्यान्वयन र सुदृढीकरणका लागि नीतिगत तथा प्राविधिक सहयोग गरी गरिवी न्युनिकरण गर्ने नेपाल सरकारको राष्ट्रिय लक्ष्यलाई योगदान पुऱ्याउनु यो कार्यक्रमको लक्ष्य रहेको छ ।

दोश्रो चरणको कार्यक्रम अवधिका लागि कूल प्रस्तावित वजेट १३६२ मिलियन यु.एस. डलर मध्य नेपाल सरकारबाट ११२६ मिलियन डलर, संयुक्त वित्तीय व्यवस्था अन्तरगत ७८ मिलियन, तथा एशियाली विकास बैंकवाट २५ मिलियन र UNDP बाट १४.१ मिलियन डलर व्यहोर्ने प्रस्ताव रहेको छ । ■

# प्रगति तथा उपलब्धीहरू संक्षेपमा

## नतिजा नं १. नागरिक तथा सामुदायिक संस्थाहरुको सशक्तिकरण

सामाजिक परिचालन कार्यक्रम अन्तर्गत स्थानीय निकायका सवै वडामा वडा नागरिक मञ्चहरू गठन गर्ने लक्ष्य अनुसार ९९.७% वडामा वडा नागरिक मञ्चहरू गठन भएका छन् । स्थानीय निकायहरूमा निर्वाचित जनप्रतिनिधिहरू नरहेको विद्यमान अवस्थामा वडा नागरिक मञ्चहरूले निर्वाह गर्दै आएको सक्रिय भूमिकाको परिणाम स्वरुप ८१% गाविस र ८३% नगरपालिकाले सामाजिक तथा आर्थिक रुपमा पछि परेका सीमान्तकृत वर्गहरू, महिला, वालवालिका, अपाङ्गता आदिको सक्रिय सहयोगमा सहभागीमूलक रुपमा योजना तर्जुमा गरी निर्धारित समय सीमाभित्र स्थानीय निकायहरूले परिषद सम्पन्न गरेका छन् । वालवालिकाका सरोकारहरूलाई स्थानीय योजनाहरूमा समावेश गर्न २,१४२ गाविस र १६९ नगरपालिकाहरूले वालभेला आयोजना गरी बाल-बालिकाहरूको माग सम्वोधन गर्ने परिपाटी संस्थागत गर्ने प्रयत्न भएको छ । स्थानीय स्तरका निर्णय प्रकृयामा महिलाहरूको सहभागिता उल्लेख्य रुपमा वृद्धि भएको छ । विद्यालय भर्ना, खोप अभियान, व्यक्तिगत घटना दर्ता जस्ता क्षेत्रहरूमा

बाँकी पृष्ठ ३ मा ➤

## कार्यक्रमका अपेक्षित उपलव्धी र नतिजाहरु

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले ९ वटा प्रतिफल क्षेत्रहरुबाट ४ वटा उपलब्धी हासिल गर्ने लक्ष्य राखेको छ, जुन यस प्रकार रहेका छन् :

**उपलव्धी नं १ (Outcome 1):** सामाजिक परिचालन मार्फत नागरिक तथा सामुदायिक संस्थाहरुको सशक्तिकरण भई सेवाप्रदायक निकायहरु नागरिकप्रति उत्तरदायी भएका हुनेछन् ।

**नतिजा नं १ (Output-1):** स्थानीय शासन प्रकृयामा नागरिक तथा सामुदायिक संस्थाहरु सक्रिय रुपमा सहभागी भई अधिकारप्रति सचेत भएका हुनेछन् ।

**नतिजा नं २ (Output 2):** स्थानीय शासन पद्धतिका लागि सामाजिक उत्तरदायी संयन्त्र स्थापित भएको हुनेछ ।

**उपलव्धी नं २ (Outcome 2):** स्थानीय निकायहरु नागरिकका मागहरुप्रति थप उत्तरदायी भएका हुनेछन् ।

**नतिजा नं ३ (Output 3):** स्थानीय निकायको श्रोतमा पहुंच वृद्धि भएको हुनेछ ।

**नतिजा नं ४ (Output 4):** वित्तीय तथा आर्थिक व्यवस्थापनमा सुधार भएको हुनेछ ।

बाँकी पृष्ठ ५ मा ➤

## भित्री पानामा


- माननीय उप-प्रधानमन्त्री/सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्री कमल थापाको शुभकामना २
- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको मध्यावधी मूल्याङ्कन ५
- नाम र दाम दुवै कमाउन प्रेरित गऱ्यो नागरिक सचेतना केन्द्रले ५
- स्थानीय स्तरका प्रतिनिधिमूलक सफलताका कथा र अनुकरणीय प्रयासहरु ६
- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको कार्यान्वयनका लागि समन्वय, सहजिकरण, अनुगमन र प्रतिवेदन गर्न सम्वन्धित निकायवाट तोकिएका, सम्पर्क व्यक्तिहरु ६
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र नर्वेजियन सरकारवीच सम्झौता सम्पन्न ७
- वावा चेतियो, अव यस्तो काम गर्ने गराउने गर्दिन – वाल विवाह त अपराध पो रहेछ ७
- रानीवास गाविसको अनुकरणीय अभ्यास ८
- एलजिसीडीपी राष्ट्रिय सल्लाहकार समितिको सातौं वैठक ८
- कार्यक्रम र विकास साझेदारहरुको संयुक्त स्थलगत अनुगमन ९
- सामाजिक सशक्तिकरणसँगै आर्थिक सशक्तिकरण तर्फ उन्मुख पाईलाहरु ९
- भूकम्प प्रभावित जनतालाई तत्काल राहतको व्यवस्था ९
- न्युनतम शर्त र कार्यसम्पादन (न्यु.स.का.स.) मापन अभ्यास र अवस्था १०
- शहरी योजना तथा भवन निर्माण मापदण्ड र कार्यान्वयन क्षमता विकास १०
- नतिजामूखी योजना प्रकृया सम्वन्धी तालिम सञ्चालन १०
- नागरिक सचेतना केन्द्रले बढाएको आत्मविश्वास ११
- सूचना प्रविधि समाचार ११
- पत्रपत्रिकाहरुमा एलजिसिडिपी १६

## शुभकामना



स्थानीयस्तरमा छिटो छरितो, गुणस्तरीय, पारदर्शी एवं जवाफदेही ढंगबाट सेवा सुविधा उपलब्ध गराई स्थानीय सुशासन अभिबृद्धि र विपन्न वर्गका आर्थिक-सामाजिक रुपान्तरण गर्ने अभिप्रायले संचालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) ले लामो समयदेखि स्थानीय निकायहरुमा जननिर्वाचित प्रतिनिधिहरु वहाल नरहेको अवस्थामा सामाजिक परिचालनका माध्यमबाट राज्य र नागरिक बीच सेतुको काम गरेको छ। स्थानीय निकायका सवै वडाहरुमा गठित वडा नागरिक मञ्चले महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गका नागरिकहरुलाई गाउँ तथा नगरस्तरीय योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिताको अवसर जुटाएका छन् । वडा नागरिक मञ्चका सदस्यहरुले सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई संस्थागत गर्न, वडास्तरमा सरकारी तथा गैर सरकारी क्षेत्रबाट संचालित कार्यक्रमको नागरिक अनुगमन गर्न, सामाजिक विसँगतिहरुको अन्त्य गर्न तथा राष्ट्रिय अभियानहरुको प्रभावकारी कार्यान्वयनमा उल्लेखनीय सहयोग पुऱ्याएका छन् । त्यसैगरी समाजका अति विपन्न महिला, गरिब, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडिएका वर्ग र सीमान्तिकृत समुदायको जिविकोपार्जनमा सहयोग पुऱ्याउने अभिप्रायले सवै गाविस र नगरपालिकाहरुमा नागरिक सचेतना केन्दहरु स्थापना भएका छन् । चौरासी प्रतिशत विपन्न वर्गका महिलाहरु आवद्ध यस्ता केन्द्रहरुले आफूभित्रको सामाजिक विकृतिहरु हटाउने, गरिवी र पछौटेपनका कारण र असरहरुको पहिचान गरी समुदायस्तरबाटै समाधानका उपायहरु पहिल्याउने, आफ्ना कुरा प्रष्टसाग राख्न सक्ने, नेतृत्व क्षमता विकास गर्ने र सेवा प्राप्तिमा नागरिक पहुाच बढाउने जस्ता कार्यहरु गर्दै आएका छन् ।

यसैगरी कार्यक्रमले सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण तथा सामाजिक परिक्षण जस्ता उत्तरदायित्व प्रवर्द्धनका औजारहरुको माध्यमबाट सेवाप्रदायक निकायहरुलाई नागरिकहरुप्रति जवाफदेही बनाउादै आएको छ । कार्यक्रमबाट स्थानीय निकायहरुको आन्तरिक आयमा बृद्धि गर्ने कार्यमा सहयोग पुगेको छ । सुशासनको अनुभूति प्रभावकारी वित्तीय जोखिम न्यूनीकरणले मात्र हुने हुादा सार्वजनिक वित्तीय व्यवस्थापनलाई उच्च प्राथमिकता दिइएको छ । स्थानीय निकायहरुको क्षमता अभिबृद्धि गरी सेवा प्रवाहमा सुधारका प्रयासहरु भैरहेका छन् । सहभागितामूलक योजना तर्जुमा पद्दतिको सुदृढिकरण लगायत बाल तथा वातावरणमैत्री स्थानीय शासन सुदृढ गर्ने तर्फ पनि पछिल्लो समय उल्लेखनीय प्रगति हुँदै गैरहेको छ । यसका अलावा यस कार्यक्रमले विकेन्द्रित तथा संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि नीतिगत सुधारको क्षेत्रमा आवश्यक सहयोग पुऱ्याउँदै आइरहेको छ । यस सन्दर्भमा बुलेटिनको प्रकाशनले सरोकारवाला सवैमा कार्यक्रम प्रति यथोचित जानकारी दिनुका साथै प्राप्त पृष्ठपोषणबाट कार्यक्रमलाई अझ प्रभावकारी रुपमा संचालन गर्न सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छ ।

**कमल थापा**
**उप प्रधान मन्त्री**
**एवं**
**संघीय मामिला तथा स्थानीय विकास मन्त्री**

## दुई शब्द



नागरिकहरुले स्थानीय तहबाट प्राप्त गर्ने सेवा सुविधा छिटो छरितो, गुणस्तरीय, पारदर्शी एवं जवाफदेही ढंगबाट उपलव्ध गराई स्थानीय सुशासन अभिबृद्धि गर्नुका साथै प्रभावकारी सामाजिक परिचालनका माध्यमबाट विपन्न वर्गको आर्थिक-सामाजिक रुपान्तरणमा योगदान पुऱ्याउने अभिप्रायले सन् २००८ देखि यो कार्यक्रम स्थानीय निकायहरु मार्फत संचालन हुँदै आएको छ । लामो समयदेखि स्थानीय निकायहरुमा निर्वाचित जनप्रतिनिधि वहाल नरहेको अवस्थामा यस कार्यक्रमले राज्य र नागरिकहरुका विच सेतुको काम गर्दै आएको छ ।

नगरपालिका तथा गाउँ विकास समितिका वडाहरुमा गठित वडा नागरिक मञ्चले आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका तथा विपन्न वर्गका नागरिकहरुलाई स्थानीय योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिताको अवसर जुटाई समाजका कमजोर, विपन्न र आवाजविहिनहरुको चाहना र आवश्यकतालाई स्थानीय निकायहरुमार्फत सम्बोधन हुने वातावरण सृजना भएको छ। समाजका अति विपन्न वर्गको जिविकोपार्जनमा सहयोग पुऱ्याउने अभिप्रायले सवै गाउँ विकास समिति र नगरपालिकाहरुमा नागरिक सचेतना केन्द्रहरु स्थापना भएका छन् । यस्ता केन्द्रहरुले सामाजिक विकृतिहरु हटाउने, गरिवी र पछौटेपनका कारण र असरहरुको पहिचान गरी समुदायस्तरबाटै समाधानका उपायहरु पहिल्याउने, केन्द्रका सदस्यहरुको नेतृत्व क्षमता विकास गर्ने र सेवा प्राप्तिमा नागरिक पहुँच बढाउने जस्ता सशक्तिकरणका कार्यहरु गर्दै आएका छन् ।

यसका साथै कार्यक्रमले स्थानीय निकायको आम्दानी बृद्धि गर्ने, वित्तीय जोखिम न्यूनिकरण गर्ने, स्थानीय निकायको क्षमता अभिबृद्धि गरी सेवा प्रवाहमा सुधार गर्ने तथा पारदर्शिता र जवाफदेहिता अभिबृद्धि गर्दै स्थानीय सुशासनमा जोड दिएको छ । सहभागितामूलक स्थानीय योजना तर्जुमा पद्दतिको सुदृढिकरण लगायत विकेन्द्रित तथा संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि नीतिगत सुधारको क्षेत्रमा समेत आवश्यक सहयोग पुऱ्याउँदै आएको छ । अन्त्यमा, बुलेटिनको प्रकाशनले सरोकार राख्ने सवैलाई यस कार्यक्रमबारे समसामयिक जानकारी दिनेछ भन्ने अपेक्षा गर्दै प्रकाशनको पूर्ण सफलताको कामना गर्दछु । धन्यवाद !

**(महेन्द्रमान गुरुङ्)**
**सचिव**
**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**


नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम**
**(LGCDP II)**

**प्रमुख सम्पादक**
**छवि रिजाल**
उपसचिव
राष्ट्रिय कार्यक्रम प्रबन्धक

**सम्पादन मण्डल**
**रमेश शर्मा** (प्रशासकीय अधिकृत)
**शिवराज पोख्रेल** (स्थानीय शासन विज्ञ)
**चन्द्र प्रकाश सिग्देल** (सामाजिक परिचालन विज्ञ)
**एक राज सिग्देल** (वातावरण विज्ञ)
**रेशु कार्की** (सूचना तथा अभिलेखीकरण अधिकृत)

**योगदान**
**कार्यक्रमसँग सम्बद्ध कर्मचारीहरु**

**लेआउट र डिजाइन**
**भाइकाजी राजवाहक**



**टिप्पणी र सुझावका लागि**
**इमेल** : mail@lgcdp.gov.np
**ठेगाना**
**स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम**
**कार्यक्रम समन्वय इकाई**
बबरमहल
टेलिफोन ९७७-१-४२५७३८९/३६३/५९६
फ्याक्स ९७७-१-४२५६२४८
**वेबसाइट**
www.mofald.gov.np
www.lgcdp.gov.np

## प्रगति तथा उपलब्धीहरू...

उत्साहजनक प्रगति भएको छ । वाल विवाह, वाल श्रम, वोक्सी, जातीय छुवाछुत तथा छाउपडी प्रथाहरूमा अत्याधिक कमी आएको छ । वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रबाट निर्वाह भएका यी प्रशंसनीय पहलहरूलाई स्थानीय शासन पद्धत्तिलाई सवलीकरण गर्न र समाज रुपान्तरणका क्षेत्रमा भएको उल्लेखनीय कामका रुपमा लिन सकिन्छ ।

सामुदायिक जिम्मेवारीहरू निर्वाह गर्ने संस्कार वसाल्न सामाजिक परिचालन कार्यविधि, २०७१ को प्रावधान अनुसार कूल ३१,४१४ वडा नागरिक मञ्चहरू मध्य २५,०५२ वडा नागरिक मञ्चहरूमा एक चौथाई सदस्यहरू प्रतिस्थापन भई १ लाख ५६ हजार ५७५ नयां सदस्यहरूले जिम्मेवारी लिएका छन् । यसरी, अहिले वडा नागरिक मञ्चमा कूल सदस्य संख्या ७ लाख ५९ हजार ५६८ रहेका छन् । वडा नागरिक मञ्च वर्गीकरण सूचक अनुसार कूल ३१,४१४ वडा नागरिक मञ्चहरू मध्य २३,४०० वडा नागरिक मञ्चहरूको भूमिका अति राम्रो भएको पाइएको छ । ४,३०० वडा नागरिक मञ्चहरू मध्यम र वांकी वडा नागरिक मञ्चहरू प्रगति उन्मुख रहेका छन् । आ.व. ०७२/७३ मा सामाजिक र आर्थिक विकासका दृष्टिले पछि परेका वडा तथा वस्तीहरूमा ५००० नागरिक सचेतना केन्द्र गठन गर्ने लक्ष्य रहेकोमा २०७३ जेष्ठ अन्त्य सम्ममा ४१६७ केन्द्रहरू गठन भई नागरिक सचेतना केन्द्रहरूको कूल संख्या ८,४८४ पुगेको छ । जसमां कूल २ लाख ९ हजार २६४ सहभागीहरू मध्य ८४% महिला रहेका छन् । हालसम्म ६३ वटा नागरिक सचेतना केन्द्रहरू सहकारीमा परिणत भई अन्य निकायहरूसँग कार्यगत सम्वन्ध स्थापना गर्न सफल भएका छन् । यस प्रकृयामा थप सहजिकरण र लगानी आवश्यक रहेको छ ।

गरिवीका अन्तरनीहित कारणहरूको विश्लेषण गरी विपन्नता र पछौटेपन रहनुका कारणहरू वारे नागरिक सचेतना केन्द्रहरूमा छलफल गर्ने, अवस्था वोध गराउने र अवस्था सुधारका लागि पहल गर्ने, लक्षित तथा समावेशी विकास प्रकृयालाई स्थानीयस्तरदेखि संस्थागत गर्ने प्रयासस्वरुप हालसम्म २,८०३ गाविस र नगरपालिका तर्फ १,७९६ वस्तीहरूमा विपन्नता स्तरीकरण गर्ने काम सम्पन्न भएको छ । सामाजिक परिचालककहरूको क्षमता विकास गरी कार्यक्रमलाई समय सापेक्ष अध्यावधिक गर्दै लैजान आधारभूत तालीम पाठ्यक्रमहरूको समीक्षा गरी समयानुकूल वनाउनुका साथै नयां सामाजिक परिचालकहरू र स्थानीय सेवा प्रदायक संस्थाका संयोजक समेत गरी १,८५० जनालाई तालीम समेत प्रदान गरिएको छ ।

### नतिजा नं २. सामाजिक जवाफदेहिता अभिवृद्धि

सेवा प्रदायक निकायहरूलाई नागरिकहरूप्रति जवाफदेही वनाई सेवा प्रवाह प्रकृयालाई छिटो, सरल र पारदर्शीरुपमा सञ्चालन गर्ने प्रयोजनका लागि ६६ जिल्लामा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सामाजिक जवाफदेहिता अभिवृद्धि कार्यक्रम (SALGP) सञ्चालन गरेको छ ।

वाकी ९ जिल्लामा स्थानीय सरकारको जवाफदेहिता अभिवृद्धि कार्यक्रम (SALGP) ले उक्त कार्य गर्दै आएकोछ । कार्यक्रमका तर्फबाट यस वर्ष ६६ नागरिक समाजका संस्थाहरूद्वारा १,६१३ गाविसहरू र १८५ नगरपालिकाहरूमा जवाफदेहिता पालना अनुगमनका कार्यहरू भइरहेका छन् । यसका साथै, नागरिक समाजका संस्थाहरूको पालना अनुगमनसँग सम्वद्ध २४९ कर्मचारीलाई कार्य सञ्चालन प्रक्रिया र उत्तरदायित्व परीक्षण र प्रवर्द्धनका औजारहरूको प्रयोग सम्वन्धमा पुनर्ताजगी तालिम दिइएको छ ।

स्थानीय निकायतर्फ स्थानीय विकास अधिकारीहरू र कार्यकारी अधिकृतहरूका लागि पालना अनुगमन र नागरिक प्रतिको जवाफदेहिता, पारदर्शिता, गुनासो व्यवस्थापन र नागरिक समाजका संस्थाहरूको जिम्मेवारी सम्वन्धमा अनुशिक्षण गरिएको छ । यसै गरी स्थानीय निकायहरूमा उत्तरदायित्व प्रवर्द्धनका कार्यहरूलाई नियमित गर्न, नागरिक समाजका संस्थाहरूबीच समन्वय र परिचालनमा सहजताका लागि विभिन्न जिविसका ३८ जना योजना अनुगमन तथा प्रशासकीय अधिकृत, ६६ जना सामाजिक विकास अधिकृत, ४७ जना जिल्ला शासन विज्ञ र ३८ जना शहरी शासन विज्ञहरूलाई समेत अनुशिक्षण दिइएको छ ।

दोस्रो चौमासिक अवधिसम्ममा ३३३ गाविस, ११० नगरपालिका र ५३ जिविसहरूले आफ्नो मासिक आम्दानी र खर्च सार्वजनिक गर्न शुरु गरेका छन् । १,८७९ गाविस १५१ नगरपालिकाहरू र ६८ जिविसहरूका अनुगमन तथा सुपरिवेक्षण समितिहरू परियोजनाहरूको अनुगमन, सुपरीवेक्षण र प्रतिवेदनमा सक्रिय भएको पाइएको छ । ९१८ गाविस, १४८ नगरपालिकाहरू र ७२ जिविसहरूले यस आ.ब.को दोस्रो सार्वजनिक सुनुवाई सम्पन्न गरिसकेका छन् ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सुशासन प्रवर्द्धन शाखामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त ४७२ उजुरी/गुनासा मध्ये ३७०, राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त ७० मध्ये ६०, हेल्लो सरकारमार्फत प्राप्त ९०५ मध्ये ८९९ र मन्त्रालयमा दर्ता भएका मध्ये २७ उजुरी गुनासोहरू सम्वोधन भएका छन् भने बााकी सम्वोधनका क्रममा रहेका छन् ।

### नतिजा नं ३. स्थानीय निकायको स्रोत वृद्धि

स्थानीय निकायहरूको स्रोतमा पहुँच बृद्धि गर्नु नतिजा नं. ३ को मुख्य उद्धेश्य रहेको छ । यो उद्देश्य प्राप्त गर्न विभिन्न किसिममा क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिएका छन् । जिविस र नगरपालिकाहरूको राजश्व अभिबृद्धि कार्ययोजना तर्जुमा गर्न प्राविधिक र आर्थिक सहयोग उपलव्ध गराइएको छ । नगरपालिकाका कार्यकारी अधिकृत र राजश्व शाखाका प्रमुखहरूलाई एकीकृत सम्पत्ति कर सम्वन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ । एकिकृत सम्पत्ति कर लागू गर्न आर्थिक सहयोग समेत उपलव्ध गराईएको छ । राष्ट्रिय वित्त तथा प्राकृतिक स्रोत आयोगको गठन र यसको भावी कार्यदिशा र स्थानीय निकायहरूलाई उपलब्ध गराईने समानिकरण अनुदान सम्वन्धी अध्ययन सम्पन्न भएको छ । स्थानीय निकाय वित्तीय आयोगले बार्षिक रुपमा स्थानीय निकायहरूको वित्तीय विश्लेषण प्रतिवेदन (आन्तरीक आय र नेपाल सरकारबाट प्राप्त हुने निशर्त, सशर्त र अन्य अनुदान) तयार गर्दै आएको छ । हाल कायम रहेको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन, कार्यविधीको समसामयिक परिमार्जन गर्ने कार्यसमेत सम्पन्न भएको छ । नयाा १५९ नगरपालिकाहरू मध्ये ७३ नगरपालिकाहरूका लागि न्यूनतम शर्त तथा कार्यसम्पादन मापन सम्वन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ । एकीकृत सम्पत्ति कर सम्वन्धी १३३ नगरपालिकाहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको र एकीकृत सम्पत्ति कर लागू गर्न आर्थिक सहयोगसमेत उपलव्ध गराइएको छ । हालसम्म ११० नगरपालिकाहरूले एकीकृत सम्पत्ती कर वा घरजग्गा कर लागू गरिसकेको अवस्था छ । यी सबै प्रयासका माध्यमबाट स्थानीय निकायहरू बार्षिक १० प्रतिशतभन्दा वढी आन्तरिक राजश्व संकलन गर्न सफल भएका छन् ।

### नतिजा नं ४. प्रभावकारी सार्वजनिक वित्तीय व्यवस्थापन

नतिजा नं ४ अन्तर्गत सार्वजनिक वित्त व्यवस्थापन पद्धतिमा गरिने सुधारका कार्यहरू पर्दछन् । जस अनुसार Audit Observation Reporting / Tracking System अद्यावधिक गर्ने र स्थानीय निकायहरूलाई तालिम उपलब्ध गराउने, आन्तरिक लेखापरीक्षकलाई तालिम दिने, वित्तीय जोखिम मुल्याङ्कन गरी लागू गर्न सहयोग गर्ने, तालिम गराउने, स्थानीय निकायहरूमा सुधारिएको लेखा प्रणाली लागू गर्ने कार्यहरू यस अन्तरगत सम्पादन गरिँदै आएका छन् । यसका साथै अन्तिम लेखापरीक्षण कार्यलाई सुधार गर्न महालेखा परीक्षक कार्यालय र स्थानीय निकायहरूलाई सहयोग पुर्‍याउने, खरिद योजना तथा Bidding System र मन्त्रालयको वित्तीय कार्यको प्रतिवेदन तयार गर्ने क्षमता मजवुत पार्ने कार्य गरिँदै आइएको छ । यस अन्तरगत भएका प्रगतिहरूमा कुल ३१,५७ गाबिसमध्ये १,१९६ गाबिसमा वित्त व्यवस्थापन सफ्टवेयर जडान गरिएकोमा २१७ गाविसले उक्त सफ्टवेयर प्रयोगमा ल्याएका छन् । जिविस तर्फ जिल्ला वित्तीय प्रशासन व्यवस्थापन प्याकेज ७१ जिल्लाहरूमा प्रयोगमा आएको छ । स्थानीय निकायका १,५०० भन्दा बढी कर्मचारीलाई वित्तीय व्यवस्थापन प्याकेज तालिम प्रदान गरिएको छ भने १५ जिविसमा आन्तरिक लेखापरीक्षण तालिम दिइएको छ । १५ गाविसको लेखापरीक्षण सुझाव कार्यान्वयन र २ जिल्लामा नमुना सार्वजनिक बित्त ब्यबस्थापन तथा संस्थागत विकास सहयोग प्रारम्भ गरिएको छ । वित्तीय नियम पालना अनुगमन ५ जिल्ला, ९ नगरपालिका र ५ गाबिसमा सम्पन्न भएको र स्थानीय PEFA रिपोर्ट सबै सरोकारहरू र PEFA सचिवालयमा अगाडी बढाइएको छ । गुल्मी र वझाङ्ग जिल्लामा अडिट अवलोकन रेकर्ड ट्र्याकिङ् प्रणाली (AORTS) कार्यान्वयनमा रहेको छ । ब्यबस्थापन तथा संस्थागत विकास सहयोग प्रारम्भ गरिएको छ । वित्तीय नियम पालना अनुगमन

५ जिल्ला, ९ नगरपालिका र ५ गाबिसमा सम्पन्न भएको र स्थानीय PEFA रिपोर्ट सबै सरोकारहरू र PEFA सचिवालयमा अगाडी बढाइएको छ ।

### नतिजा नं ५. माग तथा आपुर्ति पक्षको क्षमता तथा संस्थागत सुदृढीकरण

विद्यमान संस्थागत क्षमता, उपलब्ध स्रोत, स्रोत उपयोग गर्ने रणनीति, तथा अपेक्षित अवस्थाको आंकलन गरी व्यक्ति, संस्था, तथा सामाज/समुदायलाई उनीहरूका क्रियाकलापहरू निर्विकल्प संचालन गर्न सक्षम वनाउने उद्देश्य लिइएको छ । क्षमता विकासका गतिविधिहरूबाट राष्ट्रिय, प्रदेशीय तथा स्थानीय सरकारहरूले तय गरेका कार्यक्रमहरू र ती कार्यक्रमहरूबाट अपेक्षा गरिएका परिणामहरूको प्रभावकारिता, योजना चक्रको तयारी, कार्यन्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक विधि तथा ज्ञान उपलब्ध हुनुका साथै कार्यक्रम अन्तर्गत संचालित क्षमता विकास गतिविधिले व्यक्ति, संस्था, तथा समाजका कृयाकलापहरूको व्यवस्थित संचालन, र चुनौति तथा समस्याहरूको दिगो समाधान तथा व्यवस्थापनका लागि आवश्यक रणनितिहरू तर्जुमा गर्न सहयोग पुर्‍याउंछ । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको सहयोगमा हालसम्म प्राप्त उपलब्धिको अवस्थालाई विश्लेषण गर्दा १३८ गाविस, १८ नगरपालिका तथा २२ जिविसहरूले कार्य क्षमतामा आधारित करार सेवा पद्धतिको अनुशरण गरी यो व्यवस्था संस्थागत गर्ने प्रयास भएको छ । यो अभ्यासका कारण कर्मचारीहरूको कार्य दक्षता र जिम्मेवारी वोध अभिवृद्धि भएको छ । त्यस्तै ५८ नगरपालिका तथा ५३ जिविसहरूले क्षमता विकास रणनैतिक योजनाको अद्यावधिक गर्ने कार्य सम्पन्न गरेका छन् भने १९५ जना स्थानीय विकास अधिकारी तथा कार्यकारी अधिकृतहरूलाई स्थानीय सुशासन, सेवा प्रवाह तथा दैनिक प्रशासनिक, लेखा तथा अन्य सेवा प्रवाहको नीति नियमहरूका वारेमा ७ दिने तालिम प्रदान गरिएको छ । यस्तै, ५,९४९ स्थानीय निकायका कर्मचारी तथा ११,१२० जना अन्य सरोकारवालाहरूलाई वहुसरोकारका सवालहरू CFLG, EFLG, GESI, ICT तथा नतिजामा आधारित योजना तर्जुमा प्रक्रियाका वारेमा तालिम उपलब्ध गराईएको छ । स्थानीय जनतासँग प्रत्यक्ष रुपमा सरोकार राख्ने गतिविधि जस्ता एक भन्दा वढी गाविसहरूको जिम्मेवारी प्राप्त गर्ने गाविस सचिवहरूको संख्यामा पछिल्लो समयमा उल्लेखनीय रुपमा कमी आएको छ । आफ्नो कार्य क्षेत्रमा २ वर्ष कार्य अवधि पुरा गर्ने स्थानीय विकास अधिकारी तथा कार्यकारी अधिकृतहरूको संख्यामासमेत उल्लेखनीय वृद्धि भईरहेको छ । यसले, स्थानीयस्तरको सेवा प्रवाहमा प्रभावकारिता वृद्धि गरेको छ भने सेवाहरूको दिगोपना वढेको छ । स्थानीय निकायहरूमा पारदर्शिता तथा उत्तरदायित्य वृद्धि गर्न १८ नगरपालिका तथा १५ जिविसहरूले डिजिटल डिस्प्ले वोर्डको स्थापना गरी स्थानीय निकायहरूका सेवा सुविधाहरूलाई पारदर्शी वनाउने काम गरेका छन् । क्षमता विकास सम्वन्धी उपरोक्त गतिविधिहरूले जनताहरूको स्थानीय निकायहरूप्रतिको विश्वसनियतामा अभिवृद्धि भएको छ ।

### नतिजा ६. वस्तु र सेवा प्रवाहमा सुधार र गुणस्तर अभिवृद्धि

भूकम्प प्रभावित जिल्लाहरू अन्तर्गत १७८ गाविस भवनहरू निर्माणाधीन रहेकामा २५ वटा भवनको काम सम्पन्न भईसकेको छ । दोलखा, काभ्रे, धादिङ्ग, लम्जुङ्ग, गुल्मी, रुकुम, रोल्पा, वांके, सर्लाही र दैलेख, जिल्लामा उपकरण र प्राविधिकहरू सहितको निर्माण सामग्री गुणस्तर प्रयोगशाला स्थापना गरिएको छ । स्थानीय निकायको लागि पानी, स्वास्थ्य र सरसफाई संवन्धी एप्रोच म्यानुअल समेत तयार भई कार्यान्वयनको चरणमा रहेको छ । ६८ नगरपालिकाले नगर यातायात गुरुयोजना तयार गरिसकेका छन् । यस्तै घटना दर्ता तथा सामाजिक सुरक्षा तालिम निर्देशिका तयारी भइ २ जिविस, २ नगरपालिका र ६ गाविसमा ४६ जना स्थानीय कर्मचारीलाई यस संवन्धमा तालिम समेत प्रदान गरि सकिएको छ र राष्ट्रिय स्तरमै घटना दर्ता सर्वेक्षण संबन्धमा केन्द्रिय तथ्याङ्क बिभागसँग समझदारी भई तालीम सञ्चालन हुने क्रममा रहेको छ । १०० गाबिसमा सामुदायिक मेलमिलाप केन्द्र स्थापना भई स्थानीय स्तरका विवाद स्थानीय स्तरमै समाधान गर्ने असल अभ्यासको शुरुवात भएकोछ । भवन संहिता तथा भवन उप नियमावली संबन्धि नगरपालिकाका ५६ जना इन्जिनियरहरूलाई तालिम प्रदान गरिएको छ । २६ नगरपालिकाले भवन संहिता कार्यान्वयनमा ल्याएका छन् र १४ नगरपालिकाका ३४ अग्नि नियन्त्रकहरूलाई अग्नि नियन्त्रण तथा उद्धार सम्वन्धी तालिम प्रदान गरिएको छ ।

### नतिजा नं ७. सहभागितामूलक जिल्ला विकास योजना

यो नतिजा अन्तरगत हालसम्म ४५ जिल्लाले जिल्ला आवधिक योजना तयार गरी कार्यान्वयनमा ल्याएका छन् । ७५ जिल्लाका २२३ पदाधिकारीहरूलाई नतिजामा आधारित योजना संबन्धि तालिम दिई स्थानीय निकायहरूको योजना तर्जुमा प्रणालीलाई सुदृढ र नतिजामूलक वनाउने प्रयत्न भएको छ । आवधिक जिल्ला विकास योजनालाई नतिजामूलक, समावेशी र वास्तविकतामा आधारित वनाउदै सबै स्थानीय निकायको योजना निर्माण प्रकृयामा एकरुपता र साझा वुझाईलाई समेत संस्थागत गर्ने प्रयास स्वरुप संसोधित आवधिक जिल्ला विकास योजना निर्देशिका २०७२ प्रकाशनमा ल्याइएको छ । जिल्लाको वार्षिक विकास योजना तर्जुमा निर्देशिकामा पनि समयसापेक्ष संसोधन गरिएको छ । ७५ जिल्ला तथा ५८ नगरपालिकाहरूले बालमैत्री स्थानीय शासन अबलम्बन गरेका छन् र मोरङ्ग जिल्लाको तेतरिया गाविस र विराटनगर उप महानगरपालिका हालैमात्र वालमैत्री स्थानीय निकाय घोषित भएका छन् । १३ गाबिस, ४८ नगरपालिका र ५० जिविसहरूले लैङ्गिक बजेट परीक्षण सम्पन्न गरेका छन् भने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी विषयमा विषयगत मन्त्रालयहरूसँग केन्दस्तरीय समन्वय बैठक सम्पन्न गरेको छ । वातावरणमैत्री स्थानीय शासन कार्यक्रमलाई १४ जिल्ला ५४ नपा र ६० गाविसमा कार्यान्वयन गरिएको छ । म्याग्दी र काभ्रेपलान्चोक जिल्लालाई लक्षित गरी' अति विपन्नमुखी दिगो वातावरणीय हरित पुनर्लाभ तथा पुर्नस्थापना'कार्ययोजना तयार भई कार्यान्वयनको चरणमा रहेको छ । कार्यसम्पादनमा आधारित जलवायु अनुकूलन अनुदान कार्यक्रमलाई धादिङ्ग र रुपन्देही जिल्लाका ३/३ वटा गाविसमा परीक्षणका रुपमा कार्यान्वयन गरिएको छ ।

### नतिजा नं ८ र ९. विकेन्द्रित तथा संघीय प्रणालीका लागि नीतिगत सहयोग

प्रतिफल ८ र ९ अन्तर्गत विकेन्द्रित तथा संघीय शासन प्रणालीका लागि नीतिगत व्यवस्था सुदृढिकरणका निम्ति विभिन्न गतिविधिहरू सम्पन्न भएका छन् । कार्यक्रमबाट स्थानीय स्वायत्त शासनको संवैधानिक व्यवस्था गर्न संविधान निर्माणका विभिन्न चरण र प्रक्रियामा सहयोग पुऱ्याइएको छ । यस क्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट अधिकार र स्रोत साधन सम्पन्न स्थानीय सरकारको संवैधानिक व्यवस्थाका लागि सरोकारवालाहरूको सहभागितामा केन्द्र, क्षेत्रीय तथा स्थानीय तहमा विभिन्न छलफल तथा अन्तरक्रियाहरू सम्पन्न भएका छन् । फलत : हालै जारी नेपालको संविधानमा लोकतान्त्रिक स्थानीय स्वायत्त शासनको मजबुत व्यवस्था हुन पुगेको छ । यसबाट अधिकार र कार्य जिम्मेवारीहरू स्थानीय सरकारबाटै सम्पादन हुने संवैधानिक आधार तयार भएको छ । नेपालको संविधान लागू भएपछि सोको प्रभावकारी एवम् शीघ्र कार्यान्वयन र संक्रमणकालीन प्रवन्धको उपयुक्त व्यवस्थापनमा कार्यक्रमबाट प्राथमिकतासाथ आवश्यक सहयोग उपलब्ध गराइदै आएको छ । उल्लेखित सन्दर्भमा प्रतिफल ८ र ९ अन्तर्गत प्राप्त मूलभूत उपलव्धीहरू निम्न अनुसार रहेका छन् :

- नयाँ संविधानका मूलभूत विशेषताहरू समेटेर श्रव्य, दृष्य सामग्री तयार गरी देशका विभिन्न भागमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ । यस कार्यक्रममा सामाजिक परिचालकहरूबाट गाउँगाउँसम्म संविधानका विशेषताहरू जानकारी गराई समुदायस्तरमा संविधानप्रतिको चेतना र विश्वास बढाउन सहयोग पुगेको छ ।
- स्थानीय तहको संख्या र सीमाना निर्धारण आयोगको गठन गर्न आधार र मापदण्ड तयार गर्नुका साथै आयोगको कार्यसञ्चालनमा प्राविधिक सहयोग उपलव्ध गराउदै आइएको छ ।
- दलित, आदिवासी जनजाति, थारु, मुस्लिम, समावेशी आयोगको गठनका लागि आवश्यक ऐनको मसौदा विधेयक तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।
- तहगत सरकारका कार्य तथा अधिकार क्षेत्रको बाँडफाँडलाई स्पष्ट तथा विस्तृतिकरण गर्न र सोको लागि आवश्यक खर्च तथा राजश्वका आधारहरू निर्क्यौल गर्न अध्ययन कार्य थालनी भएको छ । स्थानीय तहको संख्या र सीमाना निर्धारण आयोग र स्थानीय निकाय वित्तीय आयोगलाई यस सन्दर्भमा आवश्यक प्राबिधिक सहयोग उपलव्ध गराइएको छ ।

नेपालको संविधानको भावना र प्रावधान वमोजिम आवश्यक प्रादेशिक र स्थानीय तहको कार्य सुचारु गर्न पर्ने संघीय कानुन (स्थानीय तहको

निर्वाचनका लागि आवश्यक कानुनसहित) को पहिचान भई सोको अवधारणा तथा ऐनको मसौदा विधेयक तयारी गर्ने कार्यको थालनी भएको छ। यसबाट स्थानीय तहको निर्वाचन लगायत संविधानको शीघ्र कार्यान्वयनमा कार्यक्रमबाट महत्वपूर्ण योगदान पुग्ने विश्वास लिइएको छ। ■

## कार्यक्रमका अपेक्षित...

**नतिजा नं ५** (Output 5): स्थानीय तथा केन्द्रिय निकायहरुको मानवीय तथा संस्थागत क्षमता विकास भई स्थानीय शासन प्रवर्द्धन भएको हुनेछ।

**उपलव्धी नं ३** ( Outcome 3): सवै नागरिकहरुलाई कुशल तथा प्रभावकारी सेवा प्रवाह भएको हुनेछ।

**नतिजा नं ६** (Output 6): स्थानीय निकायहरुद्वारा नागरिकहरुलाई प्रवाह हुने पुर्वाधार र सामाजिक आर्थिक सेवाहरुको गुणस्तर र प्रभावकारिता वृद्धि भएको हुनेछ।

**नतिजा नं ७** (Output 7): स्थानीय सरोकारवालाहरुको समन्वयमा एकीकृत योजना तर्जुमा अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत भएको हुनेछ।

**उपलव्धी नं ४** ( Outcome 4): निक्षेपण र संघीयता सम्वन्धी नीतिगत सुधारमा सहयोग पुगेको हुनेछ।

**नतिजा नं ८** (Output 8): विकेन्द्रिकरण र स्थानीय शासन सम्वन्धी नीतिगत सुदृढीकरण भएको हुनेछ।

**नतिजा नं ९** (Output 9): निक्षेपण र संघीयता सम्वन्धी नीतिगत सहयोग भएको हुनेछ। ■

# स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको मध्यावधी मूल्याङ्कन

२०१६ अप्रिल र मे महिनामा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको सान्दर्भिकता, प्रभावकारिता, दक्षता र दिगोपनाको अवस्थावारे अध्ययन गरी बदलिएको परिस्थितिमा कार्यक्रम सम्वन्धी उपयुक्त कार्यनीतिक सुझाव प्रदान गर्न एक स्वतन्त्र अन्तर्राष्ट्रिय परामर्श संस्थाद्वारा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको मध्यावधी मूल्याङ्कन सम्पन्न भएको छ। उक्त मूल्याङ्कनले कार्यक्रमका समग्र पक्षहरुको कार्यनीति, उपलव्धी, नतिजा, सवाल र चुनौतिहरुको मूल्याङ्कन गरी आगामी दिनमा कार्यक्रमले अपनाउन पर्ने विभिन्न कार्यनीतिक सुझावहरु दिएको छ। समीक्षाले, स्थानीय निकायमा जननिर्वाचित प्रतिनिधिहरूको रिक्तता रहेको अवस्थामा राज्य र नागरिकहरुको बीचमा सेतुको भूमिका निर्वाह गर्दै आएका वडा नागरिक मञ्च र वस्ती स्तरमा गठित नागरिक सचेतना केन्द्रहरुको कामलाई महत्वपूर्ण उपलब्धीका रुपमा मान्यता दिएको छ। साथै, स्थानीयस्तरमा अभ्यास भएका सहभागीमूलक योजना तर्जुमा तथा निर्णय प्रकृया, स्थानीयस्तरमा प्रवाह हुने वस्तु र सेवाहरुको नागरिकहरुद्वारा अनुगमन गर्ने प्रणालीको विकासले नागरिकप्रति उत्तरदायी शासन व्यवस्था कायम गर्न गरेको सकारात्मक प्रयत्नलाई मौन क्रान्ति (Silent Revolution) को संज्ञा दिएको छ।

कार्यक्रमले हासिल गरेका यी उपलब्धीहरुका बाबजूद, बदलिंदो परिस्थितिमा स्थानीय शासन प्रकृयालाई समय सापेक्ष वनाउन नेपाल सरकार र विकास साझेदारहरुबाट केही कार्यनीतिक परिवर्तनहरु गर्न सुझाएको छ। मूल्याङ्कन टोलीले नागरिकहरुलाई सशक्तिकरण गरी स्थानीयस्तरका निर्णय प्रकृयामा सकारात्मक प्रभाव पार्ने, सरकारी तथा गैरसरकारी संयन्त्रहरुमा सामाजिक उत्तरदायी संस्कार वृद्धि गर्नेजस्ता महत्वपूर्ण र नियमित प्रकृतिका कार्यक्रमहरुलाई वाह्य सहयोगमा मात्र निर्भर नरही आफ्नै नियमित संरचनाहरुबाट सञ्चालन गर्न उपयुक्त हुने सुझाएको छ। साथै दोश्रो चरणको बांकी समयलाई कार्यक्रमले अपेक्षा गरेका विशेष प्रतिफल क्षेत्रहरुमा नागरिक सहभागिता तथा सशक्तिकरण, वस्तु र सेवा प्रवाहमा प्रभावकारिता, वित्तीय व्यवस्थापन सुदृढीकरण तथा वित्तीय जोखिम न्यूनिकरण लगायत नेपालको संविधानको सफल कार्यान्वयन तथा स्थानीय निकायको पुनर्संरचना प्रकृयालाई योगदान दिनेतर्फ केन्द्रित गर्न उपयुक्त हुने सुझाव दिएको छ। साथै कार्यक्रमलाई प्राप्त स्रोतको प्रभावकारी परिचालनका लागि सूचकमा आधारित संयुक्त वित्तीय व्यवस्था तय गरी कार्यान्वयनमा ल्याउन सिफारिश गरेको छ।

यसका अतिरिक्त मध्यावधि मूल्याङ्कनले हालको प्राविधिक सेवा पक्षलाई थप चुस्त, दक्ष र प्रभावकारी वनाई स्थानीय तहको सीमा निर्धारण आयोगको प्रतिवेदन पश्चात् कार्यक्रमको अर्को चरणको कार्यनीतिक दस्तावेज तयार गर्नका लागि कार्यक्रम अवधि थप एक वर्ष बढाउन उपयुक्त हुने कुरा औंल्याएको छ। ■

# नाम र दाम दुवै कमाउन प्रेरित गर्‍यो नागरिक सचेतना केन्द्रले

वाग्लुङ्ग जिल्लाको नरेठाटी गाविसको मसरा र वयली दलित र जनजातिहरुको बाहुल्यता भएको वस्ती हो। विपन्नता स्तरीकरण, साक्षरता, चेतनाको अवस्था, सेवा सुविधामा पहुंचको अवस्था जस्ता सूचकहरुका आधारमा सवैभन्दा पछि परेको वस्ती तथा समुदायमा नागरिक सचेतना केन्द्र गठन गर्ने प्रावधान अनुसार यो वस्तीमा आज भन्दा ३ वर्ष अगाडि नागरिक सचेतना केन्द्र गठन भएको थियो। विपन्नताको प्राथमिकतामा परेका ३० जना महिला दिदी वहिनीहरु नियमित रुपमा सचेतना केन्द्रमा हुने साप्ताहिक छलफलमा सहभागी भएसँगै सिक्ने, सिकाउने काममा उत्साहजनक प्रगति देखियो। आफ्ना गांउ घरका समसामयिक समस्याहरुको पहिचान गरी तिनै विषयहरुमा छलफल र चिन्तन शुरु भयो। यो केन्द्रका ३० जना सहभागीहरु मध्य एक थिईन् शुसिला पुन, जसको दिनचर्या अन्य महिला सरह घरको चुलोचौको, वनको घाँसदाउरा, मेलापात, फुर्सदको समयमा गफगाफ गरेर वित्ने गर्दथ्यो। यस्तैमा त्यस वस्तीमा नागरिक सचेतना केन्द्र स्थापना भयो जसले त्यस वस्तीका दिदी वहिनीहरुको दिनचर्या फेरिदै गयो।

नागरिक सचेतना केन्द्रमा रमाइलो पाराले हुने सहजिकरण, आफ्नै गाउँ घरका विषय वस्तु, आफैले पहिचान गरेका समस्याहरु माथिको छलफल हुने हुनाले उनी क्रमश हरेक छलफलमा सक्रिय हुने मात्र नभई अरुलाई समेत छलफलमा सहभागी हुन उत्प्रेरित गर्न थालिन्। नागरिक सचेतना केन्द्रमा नागरिकको अधिकार र कर्तव्य, व्यक्तिगत घटना दर्ता, विभिन्न निकायवाट प्रदान गरिने सेवाहरु, सेवा लिनका लागि पुरा गर्नपर्ने प्रकृया, गरिबीका अन्तरनीहित कारणहरु जस्ता विषयहरुको छलफलले सहभागीहरुको घैंटामा घाम लाग्दै गयो, दिन चर्याहरू राम्रैसँग देखिने गरी फेरिदै गए। गाउँ घर वाटा घाटा नियमित रुपमा सफा गर्ने वानी वस्यो। शुरुमा जम्मा ३ जना सहभागीको घरमा शौचालय थियो भने अहिले सवैका घरमा शौचालय वनेका छन्। सवै वालवालिका स्कूल जान्छन्। दुखले त किन सजिलै छाड्ला र तर गरे केही त हुन्छ भन्ने विश्वास भने सवैमा पलाएको छ।

खाने मुखलाई जुँगाले छेक्दैन भन्ने भनाईलाई सार्थकता दिदैं नागरिक सचेतना केन्द्रले खाजावाट वचाएको रकम रु १५ हजार तरकारी खेती शुरु गर्ने गरी केन्द्रकी सदस्य शुसिलालाई ऋणस्वरुप उपलव्ध गरायो। शुसिलालले वडो मेहनतका साथ अरुलाई समेत नमूना हुने गरी तरकारी खेती शुरु गरिन्। आर्थिक रुपमा विपन्न भएपनि जांगर र इमान्दारिताकी धनी शुसिलाले हेर्दा हेर्दै केही समय भित्रै राम्रै आम्दानी गर्नसक्ने भइन्। उनको जीवन सरल र सहज हुदै गयो। उनका वालवालिकाहरु पनि नियमित रुपमा स्कूल जान थाले।

यसै क्रममा जीविकोपार्जन कार्यक्रम अन्तर्गत जि.वि.स. बागलुङले नागरिक सचेतना केन्द्रलाई रु १ लाख जिविकोपार्जन सुधार अनुदान उपलव्ध गरायो। केन्द्रको निर्णय अनुसार उक्त अनुदान तरकारी खेती गर्नका लागि शुसिला लगायत चार जना सदस्यहरुले घुम्तीकोषका रुपमा प्राप्त गरे। यसरी प्राप्त भएको घुम्तीकोषवाट उनले २ टनेल थप गरी तरकारी खेती विस्तार गरिन् भने तारा र उजेलीले पनि उनको सिको गर्दै गए। वजारको कुनै समस्या थिएन। उत्पादित तरकारी स्थानीय बजार र हटियामा सहज रुपमा विक्री हुन थाल्यो। एक टनेलबाट कम्तिमा पचासदेखि साठी हजारसम्म आम्दानी हुन थाल्यो। काम र दाम दुवैले निरन्तरता पाउन थालेपछि यसबाट प्रेरित भएर शुसिलाले गरिवीको कारण तातो भूमिमा पुगेका आफ्ना पतिलाई घर फिर्ता वोलाइन् – फर्क फर्क ए मेरो मुग्लानी, राम्रो गरे, यही खान पुग्लानी भाका सुरेल्दै यस गीतलाई चरितार्थ गरिन् शुशिलाले। क्रमश समाजमा उनको परिचय फेरिदैं गयो। अहिले उनीलाई शुशिलाजी भनेर छरछिमेकीले वोलाउँदा उनी भन्छिन् - मलाई समाजमा परिचित गराउन सहयोग गर्ने नागरिक सचेतना केन्द्र र सदासयी दिदी वहिनीहरुलाई हृदयदेखि धेरै धेरै धन्यवाद।

*तारा पुन, सामाजिक परिचालक*

# स्थानीय स्तरका प्रतिनिधिमूलक सफलताका कथा र अनुकरणीय प्रयासहरू

## सचेतना केन्द्रमार्फत महिला आत्मनिर्भर

■ गणेशदत्त भट्ट



**महेन्द्रनगर, २० भदौं**

कञ्चनपुरको झलारी पिपलाडी नगरपालिका-१ बन्साहको खुजवापट्टिकी लक्ष्मी चौधरी कुखुरापालन गरेर वार्षिक ७० हजार रुपैयाँसम्म नाफा कमाउँछिन्। स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमअन्तर्गत स्थानीयस्तरमा गठित नागरिक सचेतना केन्द्रमा आबद्ध भएपछि चौधरीले राम्रो आम्दानी गरिरहेकी छन्।

"पहिला घरमै घरखेतको काममात्रै गर्थे।" चौधरीले भनिन्, "नागरिक सचेतना केन्द्रमा आबद्ध भएर कुखुरापालन गरेपछि अहिले सन्तुष्ट छु।"

नागरिक सचेतना केन्द्रको कोषबाट ऋण लिएर कुखुरापालन गरेपछि आयआर्जन भइरहेको केन्द्रकी सदस्यसमेत रहेकी लक्ष्मी चौधरीले बताइन्।

०६७ सालमा गठित सचेतना केन्द्रले ०७० माघदेखि जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरेपछि केन्द्रका सदस्यले ऋण परिचालन गर्न पाएका हुन्। "केन्द्रबाट २५ हजार रुपैयाँ ऋण लिएर कुखुरापालन सुरु गरेकी हुँ," चौधरीले भनिन्, "लिएको ऋण तिरेर अहिले साढे तीन सय ब्रोइलर कुखुरापालन गरिहेकी छु। घरमै बसी काम गरेर आम्दानी भइरहेको छ।"

नागरिक सचेतना केन्द्रमा आबद्ध अन्य सदस्यले समेत ऋण लिएर बंगुरपालन, तरकारीखेती, खुद्रा पसल सञ्चालन लगायतका आय- आर्जनमूलक काम गरिरहेको चौधरीले बताईन्। केन्द्रमा ३० जना सदस्य छन्। कञ्चनपुर जिल्लाभर रहेका २८ वटा नागरिक सचेतना केन्द्रमा आबद्ध भएर ८२१ जनाले आयमूलक काम गरिरहेको जिल्ला विकास समितिका जिल्ला शासनविज्ञ विसनदेव जोशीले बताए।

"८२१ सदस्यमध्ये ७१८ महिला र २३ जना पुरुष छन्। केन्द्रमा महिला बढी भएकाले नागरिक सचेतना केन्द्रले राम्रो काम गरिरहेको पाइएको छ," उनले भने।

कञ्चनपुरका प्रत्येक नगरपालिका र गाविसका पछाडि परिरहेको वडाको अति विपन्न वस्तीमा नागरिक सचेतना केन्द्र गठन गरेर जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिएको जोशीले बताए। जिल्ला विकास समितिको कार्यालय कञ्चनपुरबाट सबै नागरिक सचेतना केन्द्रमा जीविकोपार्जनमा सुधार ल्याउने उद्देश्यले १ लाख रुपैया जीविकोपार्जन सुधार कार्यक्रमअन्तर्गत अनुदान उपलब्ध गराइएको जिल्ला शासनविज्ञ जोशीले बताए। उनका अनुसार गत आर्थिक वर्षमा सबै नागरिक सचेतना केन्द्रलाई ३ लाख १५ हजार रुपैया बराबरको साना पूर्वाधार विकास निर्माणका लागि अनुदान उपलब्ध गराइएको छ।

"सरकारी अनुदान मिलेपछि नागरिक सचेतना केन्द्रमा आबद्ध सदस्यले व्यक्ति र सामूहिक रूपमा आयमूलक कार्यक्रम सञ्चालन गरिहेका छन्," जोशीले भने, "अनुदान रकमलाई सामूहिक बंगुरपालनका लागि खोर निर्माण, तरकारीखेती र केराखेतीका लागि सिँचाइ व्यवस्थापन र उत्पादन संकलन केन्द्र निर्माण, कुखुरापालनका लागि खोर, बाखापालनका लागि खोर लगायत पूर्वाधार निर्माणमा खर्च गरिएको छ।" ■

## नागरिक सचेतना केन्द्रकी सदस्य लक्ष्मी चौधरी उत्कृष्ठ युवा पुरस्कारबाट सम्मानित

कञ्चनपुर जिल्ला झलारी पिपलाडी नगरपालिका वडा नं १ वन्साहामा सञ्चालित नागरिक सचेतना केन्द्रकी सहभागी लक्ष्मी चौधरी युवा तथा खेलकूद मन्त्रालयद्वारा यस वर्षको युवा ट्यालेन्ट पुरस्कारबाट सम्मानित भएकी छन्।

स्थानीय स्तरमा राम्रो व्यवसाय सञ्चालन गरेर अरुका लागि समेत प्रेरणको स्रोत बन्न सके वापत उनलाई यो पुरस्कार प्राप्त भएको हो। उनले यो अर्वाडसगै रु. पचास हजार नगद पुरस्कार समेत प्राप्त गरिन्।

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको सहयोगमा सञ्चालित सामाजिक परिचालन कार्यक्रम अन्तर्गत गठन भएको नागरिक सचेतना केन्द्रकी सदस्य लक्ष्मीले कार्यक्रमबाट उपलब्ध गराइएको जिविकोपार्जन सुधार घुम्ती कोषबाट पच्चिस हजार मात्र ऋण लिएर कुखुरापालन व्यवसाय प्रारम्भ गरेकी उनले अहिले वार्षिक सरदर सत्तरी हजारसम्म आम्दानी गर्न सकेको बताइन्।

कारोवार दैनिक पत्रिकाले स्थानीय स्तरमा राम्रो व्यवसाय सञ्चालन गरेका १०७ जना युवा उद्यमीहरुको सूचि संकलन गरेकोमा यिनीहरु मध्यवाट युवा तथा खेलकूद मन्त्रालयले ४० वर्ष मुनिका ४५ जना युवा युवतीहरुलाई यो पुरस्कारद्वारा सम्मान गरेको हो। ■

## स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको कार्यान्वयनका लागि समन्वय, सहजिकरण, अनुगमन र प्रतिवेदन गर्न सम्वन्धित निकायवाट तोकिएका, सम्पर्क व्यक्तिहरु

### क्षेत्रीय समन्वय इकाई विराटनगर अन्तर्गत

**जिल्ला विकास समितितर्फ**

| क्र.स | जिल्ला | नाम | पद | मोबाइल नं. |
|---|---|---|---|---|
| १ | ताप्लेजुङ | भोलानाथ सिग्देल | लेखा सहायक | ९८४२६६०२३४ |
| २ | पाँचथर | ज्योति न्यौपाने | कार्यक्रम अधिकृत | ९८४२६६१७०० |
| ३ | ईलाम | दिनेश पौडेल | कार्यक्रम अधिकृत | ९८५२६८०३५७ |
| ४ | झापा | प्रकाशचन्द्र चौधरी | कार्यक्रम अधिकृत | ९८५२६७७७०६ |
| ५ | मोरङ | सरोज कुमार गौतम | सामाजिक विकास अधिकृत | ९८४२०२३८६५ |
| ६ | सुनसरी | माया राई | सामाजिक विकास अधिकृत | ९८५२०५६०९८ |
| ७ | धनकुटा | सीताराम गौतम | सामाजिक विकास अधिकृत | ९८४२०५०७९९ |
| ८ | तेह्रथुम | कृष्ण कुमार घिमिरे | स्थानीय विकास कोष, कार्यकरी सचिव | ९८४२३८१८११ |
| ९ | संखुवासभा | भोलामान गुरुङ | स्थानीय विकास कोष, कार्यकरी सचिव | ९८५२०५१८९८ |
| १० | भोजपुर | धन कुमार राई | सूचना अधिकृत | ९८५२०४५६८५ |
| ११ | उदयपुर | राजकुमार खडका | सामाजिक विकास अधिकृत | ९८५२८३१६०० |
| १२ | सप्तरी | नवराज खडका | सामाजिक विकास अधिकृत | ९८५२८२०५५७ |
| १३ | सिराहा | अरुण शाह | सामाजिक विकास अधिकृत | ९८४२८२४०१२ |

**नगरपालिकातर्फ**

| | | | | |
|---|---|---|---|---|
| १ | ताप्लेजुंग | नवीन यादव | इञ्जिनियर | ९८४१७१०११९ |
| २ | फिदिम | दल प्रसाद केरुङ | कार्यक्रम अधिकृत | ९८४९२८९९०३ |
| ३ | ईलाम | रामकुमार शाह | प्रशासकीय अधिकृत | ९८४२६३५०५७ |

बाँकी पृष्ठ १२, १३, १४ र १५ मा ➤

# मदिरा नियन्त्रणसँगै घरेलु हिंसामा कमी – समविकास तर्फ उन्मुख पाईलाहरु

कञ्चनपुर जिल्लाको तत्कालीन वेलौरी गाविसको उदयपुर टोलमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको सहयोगमा आजभन्दा ४ वर्ष अगाडि गठन भएको प्रगति नागरिक सचेतना केन्द्रले सामाजिक रुपान्तरणका क्षेत्रमा साँच्चिकै उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ। साप्ताहिक रुपमा सञ्चालन हुने रिफ्लेक्ट सेशनमा वृक्ष विश्लेषण विधिवाट गाउँका समसामयिक विषयहरुमा छलफल गर्दा महिला विरुद्ध घरेलु हिंसालाई प्रमुख समस्याका रुपमा लिइयो र यसको प्रमुख कारक तत्वका रुपमा मदिरा सेवन हो भन्ने निष्कर्ष निस्क्यो। त्यसो भए अव के गर्ने त भन्ने वहसमा महिलाहरुले मदिरा पनि आफैले तयार गर्ने र घरेलु हिंसावाट पनि महिला नै प्रताडित हुनपर्ने भएकाले एक ध्वनीका साथ मदिरा नियन्त्रण गर्नुपर्ने निर्णय गरी सोको कार्यान्वनका लागि कार्ययोजना समेत निर्माण गरे।

सामुहिक रुपमा गरिएको निर्णयप्रति सवैको स्वामित्व रहने भएकाले यो निर्णय पनि कार्यान्वयनका चरणमा प्रवेश गर्‍यो। प्रथम चरणमा नागरिक सचेतना केन्द्रका सदस्यहरुले मदिरा उत्पादन कार्य आफैबाट वन्द गर्ने निर्णय गरे र त्यसका लागि तयार गरिएका कच्चा पदार्थ, जाँड, पास नष्ट गरे, गराए।

प्रत्येक टोल टोलमा पुगेर जाँड रक्सीको दुष्प्रभाव वारे सचेतना जगाउन थाले र अव आइन्दा कसैले पनि मूख्य चाड पर्वमा वाहेक अन्य समयमा मदिरा उत्पादन तथा वेच विखन नगर्न अनुरोध गर्न थाले। निर्णयको वर्खिलाप गरेमा रु ५०० जरिवाना समेत निर्धारण गरे।



घरेलु मदिरा नष्ट गर्दै नासके सदस्य

शुरुका दिनमा समुदायवाट विरोधका कडा स्वरहरू सुनिए, सचेतना केन्द्रका सहभागीहरुलाई डराउने धम्क्याउने सम्मका काम पनि भए तर सँगठित रुपमा लागेका सचेतना केन्द्रका दिदी वहिनीहरुको अगाडि कसैको केही लागेन र अभियान सफल भइ छाड्यो। नियमित रुपमा नागरिक सचेतना केन्द्रमा आफूले गरेका कामको समीक्षा गर्ने क्रममा, सहभागीहरुले निम्न निष्कर्ष निकाले :

- मदिरा नियन्त्रण गरिएपछि गांउमा महिला विरुद्ध हिंसाका एका दुई अपवाद वाहेक कुनै घटनाहरु घटेको पाइएन।
- गांउमा वढी मदिरा सेवन गरेका कारण हुने गरेका हल्ला खल्ला भ्रै भ्रगडाका घटनाहरु प्राय वन्द भए।
- महिला पुरुषहरुवीच कार्य वांडफांड गर्ने संस्कारको विकास भयो।
- मदिरामा खर्च गरिने अन्नको वचत भयो।
- घरेलु हिंसा हुँदा वाल वालिकामा यसको अत्यन्त नराम्रो प्रभाव पर्ने रुवावासी हुने अवस्था हुन्थ्यो, जुन अहिले स्वात्तै घटेको छ। यसले वालवालिकाका लागि समेत राम्रो वातावरण तयार भएको छ र यो सफलतासँगै नागरिक सचेतना केन्द्रका सहभागीहरु थप उत्साही वनेका छन्। ■

# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र नर्वेजियन सरकारवीच सम्झौता सम्पन्न

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको सातौं राष्ट्रिय सल्लाहकार समितिको बैठकमा एलजिसिडिपीले हासिल गरेका उपलव्धीहरुप्रति खुशी व्यक्त गर्दै नर्वेजियन राजदुत श्री केल टर्मोड पेटरसनले थप ३ मिलियन अमेरिकी डलर सहयोग उपलव्ध गराउने प्रतिवद्धता अनुरुप नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङ्ग र नर्वेजियन राजदुतवीच यही जुन १७, २०१६ मा एक सम्झौता पत्रमा हस्ताक्षर भयो। उक्त अवसरमा सचिव श्री महेन्द्रमान गुरुङ्गले विगत लामो समयदेखि नेपालको विकासका लागि निरन्तर रुपमा सहयोग पुर्‍याउदै आएको नर्वेजियन सरकार र नर्वेजियन नागरिकहरुलाई विशेष धन्यवाद ज्ञापन गर्दै द्विपक्षीय रूपमा भएको सम्झौताअनुसार प्राप्त अनुदानलाई स्थानीय शासन व्यवस्था सुदृढीकरण गर्ने, नागरिक केन्द्रित विकास प्रकृयालाई थप प्रभावकारी बनाउने र संघीयता सम्वन्धी आवश्यक नीति नियम र प्रारुप तयार गर्ने प्रयोजनमा यो सहयोग रकम परिचालन गर्ने प्रतिवद्धता जनाउनु भयो। ■



सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र नर्वेजियन सरकारबीच सम्झौता सम्पन्न

# वावा चेतियो, अव यस्तो काम गर्ने गराउने गर्दिन – वाल विवाह त अपराध पो रहेछ



लक्ष्मी विटौला, १५ वर्ष

पराया व्यक्तिहरु आफ्ना नहुन सक्छन् तर आफ्नै इष्ट मित्र र नातेदारहरू पराया हुनसक्दैनन् भन्ने आम धारणा छ। तर सवै आफ्ना मान्छेहरू असल हुन्छन् भन्ने होइन रहेछ, जसको सानो उदाहरण हो प्युठान जिल्लाको अर्खा गाविसका लक्ष्मी विटौलाका केही आफन्तहरु, जसले जालसाजीपूर्ण तरिकाले अनिच्छित र कानून विपरित १५ वर्षकी वालिकाको विवाह गरिदिने दुस्साहस देखाए।

लक्ष्मी विटौला प्युठान जिल्लाको अर्खा गाविस वडा नं ६ का देवीराम विटौलाकी छोरी हुन्। एक दिन उनको घर आएकी फुपू अम्वी विकले उनको गाउँमा ठूलो मेला लाग्ने र त्यहां मिठो मिठो खानका साथै नाँच गान समेत हेर्न पाइने लोभ देखाएर वाग्लुङ्ग जिल्लाको दुर्लिङ्ग स्थित आफ्नो घर लिएर गइन्। त्यहाँ उनकी फुपू अम्वी र अर्की महिला शोभा विक वीच केही कुराकानी भयो। वालिका न हुन् उनले खासै केही चासो राखिनन्।

घुम फिर गराउने निंहुमा शोभाले लक्ष्मीलाई एउटा मन्दिरमा लिएर गईन्, जहां उनको १७ वर्षे साने विक नाम गरेको केटासँग विवाह गराइयो। लक्ष्मीका अनुसार उनलाई त्यो विहे गराएको कुरा थाहै भएन। उनले आफ्नो विहे भएको त्यति वेला मात्र थाहा पाइन् जव उनलाई उनकी फुपूले नजिकको पसलमा गएर सिन्दुर पोते किनेर दिइन्। त्यसपछि उनी फुपूको घरबाट भागेर वुर्तिवाङ्ग भन्ने गाउँमा पुगिन्। सानो उमेरकी वालिकालाई रुँदै दगुरेको देखेर मोटरसाईकलमा सवार एकजना सज्जन व्यक्तिले उनलाई वुर्तिवाङ्ग गाविस ४ मा गठित वडा नागरिक मञ्चका संयोजकको घरमा पुर्‍याए। लक्ष्मीले वडा नागरिक मञ्चका संयाजकलाई रुदै रुदै सवै कुरा वताइन्। यो घटना वारे उनका वावा आमालाई पनि कुनै जानकारी थिएन। सवै कुरा वुभ्रिसकेपछि वडा नागरिक मञ्चका सदस्यहरुले उनलाई तत्काल अर्खा गाविस कार्यालयमा पुर्‍याए।



वडा नागरिक मञ्चको बैठक

शोभा विक, अम्वी विक र साने विकलाई तत्काल गाविसमा उपस्थित हुन लगाइयो। त्यहाँ स्थित वाल सञ्जालले वडा नागरिक मञ्चको सहयोगमा जालसाजीपूर्ण वाल विवाह गराएको अभियोग पत्र तयार गरिसकेपछि वावा चेतियो, अव यस्तो काम गर्ने गराउने गर्दिन। वाल विवाह त अपराध रहेछ भनेर अव आईन्दा कहिल्यै यस्तो काम नगर्ने, अरुलाई पनि यस्तो काम गर्न नदिने प्रतिवद्धता सहित रोई कराई गरेपछि वडा नागरिक मञ्च र वाल सञ्जालको रोहवरमा अव आइन्दा यस्तो काम नगर्न चेतावनी सहित छाडियो र वालिका लक्ष्मीलाई उनको घर पठाइयो।

यदि गांउमा वडा नागरिक मञ्च र वाल सञ्जाल नभएको भए वालिका लक्ष्मी विटौलाको अवस्था अहिले के हुन्थ्यो सवैले अनुमान गर्न सकिन्छ। यो असल कार्यका लागि वडा नागरिक मञ्च र वाल सञ्जाललाई धेरै धेरै धन्यवाद। ■




साने बि.के., १७ वर्ष

# रानीवास गाविसको अनुकरणीय अभ्यास

सिन्धुली जिल्लाको रानीवास गाविसले प्रत्येक वर्षलाई कुनै न कुनै विकास अभियान वर्षको रुपमा लिने गरेको रहेछ । मे २३ का दिन अनुगमन टोलीलाई वताइए अनुसार स्थानीय निकायलाई उपलव्ध गराइने अनुदानलाई सा-साना टुक्रे कार्यक्रम तथा कम प्रतिफल दिने कामहरुमा विनियोजन गरी सवैतिर वजेट छर्ने र तत्काललाई सवैलाई खुशी पार्ने आम प्रवृत्ति विपरीत यस गाविसले प्रत्येक वर्षलाई कुनै न कुनै अभियान वर्षका रुपमा कार्यक्रम सञ्चालन गर्ने उदाहरण योग्य काम गर्ने नीति अङ्गिकार गरेको रहेछ । यो नीति अनुरुप चालु वर्षलाई खानेपानी तथा सरसफाई वर्षका रुपमा लिई सम्पुर्ण वजेट सोही उक्त स्थानमा गएको केन्द्रीय प्रयोजनका लागि परिचालन गरेको कुरा गाविस सचिवले यस्तो अनुगमन टोलीलाई जानाकारी गराए । यो नीति अनुरुप यो वर्ष ३ वटा खानेपानी योजना मर्मत तथा निर्माणको काम हुदैं गरेको समेत जानाकारीमा आयो । गाविसका कार्यालय सहायक श्री अनन्त पोखरेलका अनुसार गाविसले कुनै वर्षलाई शिक्षा पुर्वाधार वर्ष, कुनै वर्षलाई स्वास्थ्य तथा वातावरण वर्षका रुपमा लिदै प्रत्येक वर्ष वढिमा ३ वटा मात्र ठोस प्रतिफलमूलक कार्यक्रम सञ्चालन गर्ने संवन्धमा गाविस स्तरीय राजनीतिक दलहरुवीच समेत समझदारी भई सोही नीति कार्यान्वयनमा रहेको छ । यो असल अभ्यासलाई अरु गाविसहरुले पनि अनुशरण गर्नसके हाम्रा विकास प्रयासहरू नतिजामूलक भई सर्वसाधारण नागरिकहरुको जीवनस्तरमा मापन योग्य सकारात्मक परिवर्तन आउन सक्ने देखिन्छ । ■

# सचेतना केन्द्रले सिकायो कुरा, लाख आम्दानी गरियो हजुर !



पोल्ट्री फर्म

सामाजिक एकता, सहभागितामूलक निर्णय, आपसी विश्वास, निरन्तरको लगाव र भाग्यमाभन्दा कर्ममा विश्वास गर्नेहरुलाई सानै पूजिंले पनि आकर्षक आम्दानी गर्न सक्षम वनाउछ भन्ने कुरालाई राम्रोसँग प्रमाणित गरिदिएकाछन् म्याग्दी भू -तातोपानी गाविस ठूलावगरका नागरिक सचेतना केन्द्रका सदस्यहरुले । आफ्नो साप्ताहिक वैठकमा आय आर्जन सम्वन्धी विषयमा विस्तारमा छलफल पछि कुखुरा पालन व्यवसाय गर्न उपयुक्त हुने निष्कर्ष निस्कयो । व्यवसाय सम्वन्धी प्रस्तावना र इष्टिमेट गरियो, जसको लागत करीव रु ६ लाखको हाराहारी हुने अनुमान सहितको प्रस्ताव गाविस मार्फत जिविसमा पुग्यो ।

प्रस्तावना अनुसार जिविसले नागरिक सचेतना केन्दलाई साना पुर्वाधार विकास सहयोग र जिविकोपार्जन सुधार अनुदान स्वरुप रु ४ लाख १५ हजार उपलव्ध गरायो । त्यसै रकममा केन्द्रका २५ जना सदस्यहरुले थप रु २ लाख विभिन्न स्रोतवाट जुटाए । कार्ययोजना अनुसार रकम जुटेपछि टहरा निर्माण गरी १५०० कुखुराका चल्लाहरु, आवश्यक आधारभूत तालीम सहित औषधि र दानापानीको जोहो पनि भयो । सवैले कार्ययोजना अनुसार लिएका जिम्मेवारीहरु समयमै पुरा गरेपछि सजिलैसँग कुखरा पालन गर्ने व्यवसाय सञ्चालन गर्ने सपना विपनामा परिणत भयो ।

अहिले, यो व्यवसायको रेखदेख गर्नका लागि नागरिक सचेतना केन्द्रको निर्णय अनुसार एकजना सदस्यलाई मासिक १५ हजार पारिश्रमिक सहितको रोजगारी दिइएको छ । यसको आय व्यय कसरी व्यवस्थित गरिएको छ भन्ने जिज्ञासामा सामाजिक परिचालक शान्ति गर्वुजा भन्छिन-सचेतना केन्द्रको नियमित वैठकमा व्यवसायको आयव्यय संवन्धमा सवैको मनमा घाम लाग्ने गरी विस्तारमा छलफल हुने गर्दछ । व्यवसायको सूचनापाटी तयार गरी आम्दानी खर्चका सम्वन्धमा स्पष्ट अभिलेख राखिएवाट केन्द्रका सदस्यहरु हिसाव किताव पारदर्शी हुनुपर्दछ भन्ने तर्फ सचेत रहेको देखिन्छ । नागरिक सचेतना केन्द्रकी संयोजक वुद्धि गर्वुजा गर्वसाथ भन्नुहुन्छ -हामी त पाई पाई हिसाव किताव राख्छौं र नियमित रुपमा आय व्यय सार्वजनिक गर्दछौं । अहिलेसम्म १७ हजार अण्डा वजारमा विक्रि गरेर प्राप्त रकमवाट कुखुराको दाना, औषधि र पारिश्रमिक कटाएर मासिक सरदर १ लाख १५ हजार आम्दानी भएकोछ । नागरिक सचेतना केन्द्रकी संयोजक वुद्धि गर्वुजाले अव अण्डा उत्पादन थप वढ्ने समेत आशा व्यक्त गरिन् । उनले यो व्यवसायलाई अझै विस्तार गर्दै एक दिन आफूहरू म्याग्दी जिल्लाका नमूना किसान वन्ने अठोट गरिन् ।अव प्राप्त हुने आम्दानीवाट यो कार्यलाई विस्तार गर्दै जाने योजना सुनाइन् । हाम्रा दाजुभाईहरू २० हजार कमाउन खाडी मुलूक पुगेकाछन् तर अलिकती मेहेनत गर्‍यो भने अव विदेश भौतारिन नपर्ला जस्तो लागेको छ उनले अगाडि भनिन् – नागरिक सचेतना केन्द्रको यस कामका लागि पशु सेवा केन्द्रका प्राविधिकहरुबाट समेत निरन्तर सहयोग प्राप्त भएको छ । ■

# एलजिसिडिपी राष्ट्रिय सल्लाहकार समितिको सातौं वैठक

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP-II) सातौं राष्ट्रिय सल्लाहकार समितिको वैठक संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङ्गज्युको अध्यक्षतामा मिति २०७३ साल जेष्ठ २६ गते सम्पन्न भयो । उक्त वैठकमा महालेखा नियन्त्रण कार्यालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालयहरु, जिविस, गाविस र नगरपालिका महासंघका पदाधिकारी सहित विकास साझेदार निकायका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको अध्यक्षता गर्नु हुँदै मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङ्गले स्थानीय शासन रुपान्तरणद्वारा राज्यमा सुशासन प्रवर्द्धन गर्नका लागि नेपाल सरकार र विकास साझेदारहरुको सहयोगमा सञ्चालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले उल्लेखनीय भूमिका निर्वाह गरेको वताउदै आगामी दिनमा पनि कार्यक्रमलाई देशको प्राथमिकता अनुसार सञ्चालन गर्न विकास साझेदारहरुको रचनात्मक सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्नु भयो । वैठकमा विकास साझेदारहरुका अध्यक्ष तथा स्विस राजदुत डा. उर्स हेरेनले नेपाल सरकारले सञ्चालन गरेको एलजिसिडिपी कार्यक्रमले हासिल गरेका उपलव्धीहरुप्रति खुशी व्यक्त गर्दै स्थानीय तहमा जननिर्वाचित पदाधिकारीहरु नरहेको अवस्थामा सर्वसाधारण नागरिकहरुका भावना, चाहना र आवश्यकताहरुलाई वडा नागरिक मञ्चमार्फत संवन्धित निकायहरुमा पुर्‍याउने, स्थानीय निकायहरुलाई सहभागीमूलक योजना तर्जुमा, नागरिक अनुगमन लगायत सामाजिक रुपान्तरणका काममा सहयोग पुर्‍याउने काम अत्यन्त सह्राहनीय भएको धारणा व्यक्त गर्दै यसलाई सामाजिक परिचालनका क्षेत्रमा आएको मौनक्रान्तिको संज्ञा दिनुभयो । साथै कार्यक्रमको सफलताका लागि स्विस सरकार लगायत अन्य विकास साझेदारहरुका तर्फबाट खुशी व्यक्त गर्दै आगामी दिनमा कार्यक्रम थप प्रभावकारी वन्दै जाने आशा व्यक्त गर्नुभयो । विकास साझेदारका सह-अध्यक्ष गैल मार्जेट्टीले परिवर्तिन नेपालको सन्दर्भमा स्थानीय शासन प्रकृयालाई थप सुदृढीकरण गर्ने अवसर रहेको विचार व्यक्त गर्नुभयो । यसका लागि आगामी दिनमा स्थानीय शासन प्रकृयालाई सुदृढ र नागरिक मैत्री बनाउन नेपाल सरकारलाई विगतमा झैं बेलायत विकास नियोगबाट प्राथमिकतासाथ सहयोग गरिने प्रतिबद्धता जनाउनुभयो ।




एलजिसिडिपी राष्ट्रिय सल्लाहकार समितिको सातौं बैठक सम्पन्न

उक्त वैठकमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका राष्ट्रिय कार्यक्रम निर्देशक श्री रेश्मीराज पाण्डे र राष्ट्रिय कार्यक्रम प्रबन्धक श्री छवि रिजालले अघिल्लो सल्लाहकार समितिको वैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था, प्राप्त उपलव्धी, देखिएका चुनौतिहरु र आगामी आ.व. ०७३/७४ को वार्षिक कार्यक्रम तर्जुमा गर्दा अङ्गीकार गरिएका नीति र प्रस्तावित कार्यक्रमहरु प्रस्तुत गर्नुभएको थियो । प्रस्तुति पश्चात् सहभागीहरूबाट व्यक्त जिज्ञासा, सुझाव तथा प्रतिक्रियाहरु समावेश गरी यस कार्यक्रमको आ.व. ०७३/७४ को वार्षिक क्रियाकलाप र बजेट, वित्तीय जोखिम न्युनिकरण कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, स्थानीय शासन तथा सामुदायिक विकासको क्षेत्रमा आ-आफ्नै किसिमले संलग्न भई काम गर्दै आएका विकास साझेदारहरुलाई संयुक्त वित्तीय संरचना अन्तर्गत सहभागीताका लागि आग्रह, कार्यक्रमको मध्यावधि मूल्याङ्कन प्रतिवेदनलाई स्वीकृत गर्दै डेनमार्क र नर्वे सरकारले यस कार्यक्रमका निम्ति उपलव्ध गराएको क्रमश ४ र ३ मिलियन अमेरिकी डलरका लागि धन्यवाद सहित अन्य विभिन्न निर्णयहरुका साथ बैठक सम्पन्न भएको थियो । ■



"विपद्को पूर्व तयारी हामी सबैको जिम्मेवारी ।"

# सामाजिक सशक्तिकरणसँगै आर्थिक सशक्तिकरण तर्फ उन्मुख पाईलाहरु

मन्त्रालय र विकास साझेदारको संयुक्त अनुगमनका क्रममा उक्त टोली सिन्धुली जिल्लाको रानीवास गाविसको दनुवार वस्तीमा गठीत नमूना नागरिक सचेतना केन्द्रसँग अन्तरक्रिया सम्पन्न भएको थियो । अल्पसंख्यक र सामाजिक चेतनाका हिसावले पछिपरेको समुदायको रुपमा चिनिने गरेको दनुवार जातिहरुको वाहुल्यता रहेको उक्त नागरिक सचेतना केन्द्रसँगको अन्तरक्रिया निकै सिकाइमूलक रहयो । नागरिक सचेतना केन्द्रका हरेक सदस्यहरु, नियमित खोप, बाल बालिकालाई विद्यालय पठाउने, गर्भवती परीक्षण गर्नपर्ने, व्यक्तिगत घटनाहरु समयमै दर्ता गर्नपर्ने, सरसफाई गर्नपर्ने जस्ता कामहरुप्रति निकै सचेत देखिए । वर्षौंदेखि पछि पर्दै आएको यो समुदायमा आएको चेतनाको लहरलाई सामाजिक परिवर्तनका क्षेत्रमा आएको उल्लेखनीय प्रगतिका रुपमा लिन सकिन्छ । कुरा यत्तिकैमा सिद्धिदैन । खेतीपाती र पशुपालन तर्फ खासै धेरै चासो नदिने यो समुदायले गाविस मार्फत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले उत्पादनमूलक साना पुर्वाधार कार्यक्रम



नागरिक सचेतना केन्द्रसँग अन्तरक्रिया

अन्तरगत उपलब्ध गराएको रु ३ लाख १५ हजारबाट समुहिक कुखुराको खोर निर्माण गरी आय आर्जन गर्नतर्फ अग्रसरता समेत लिएको पाइयो । व्यवसाय शुरु गरेको छोटो समय भित्र उनीहरुले रु २४ हजार नाफा समेत गरिसकेका रहेछन् ।

यो व्यवसायलाई विस्तार गर्न उनीहरुले स्थानीय व्यापारीसँग कुखुराका चल्ला र दाना प्राप्त गर्ने र चल्लाहरु हुर्कीसकेपछि चलन चल्तीको वजार मूल्य अनुसार तिनै व्यापारीलाई कुखुरा दिने सम्झौता समेत गरिसकेका रहेछन् । नागरिक सचेतना केन्द्रका सदस्यहरुमा यो व्यवसायलाई विस्तार गरी आय आर्जन गर्ने दृढ अठोट आफैमा सहाहनीय देखिन्छ । उनीहरु भन्छन्- हाम्रो वस्तीमा खानेपानीको दुःख छ । उनीहरु गर्वसाथ भन्छन्–हामीले यो कुरा वडा भेलामा राख्यौं । हाम्रो आवाज गाविसले सुन्यो र अहिले हामी गाविससँग मिलेर खानेपानी योजनाको मर्मत कार्य गर्दैछौं । हामी अव छिट्टै स्वच्छ पानी पाउने कुरामा विश्वस्त छौं । ■

# कार्यक्रम र विकास साझेदारहरुको संयुक्त स्थलगत अनुगमन

मे २३-२५, २०१६ मा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका राष्ट्रिय कार्यक्रम प्रवन्धक श्री छवि रिजालको नेतृत्वमा मन्त्रालय र विकास साझेदारहरुको टोलीले सिन्धुली, महोत्तरी र धनुषा जिल्लाको स्थलगत अनुगमन सम्पन्न गऱ्यो । उक्त टोलीमा नर्वेजियन राजदुतावासबाट डा. भोला प्रसाद दाहाल, स्वीस दुतावासबाट प्रकाश रेग्मी, संयुक्त राष्ट्र संघ सम्वद्ध एजेन्सीहरुबाट यमनाथ शर्मा, प्रज्ञा जोशी, विजय थापा, अनिता शर्मा, एलजिसिडिपी बाट रमेश शर्मा, शिवराज पोखरेल, सिपी सिग्देल, एकराज सिग्देल, लीला नाथ उपाध्याय, मिता आचार्य लगायतको सहभागिता रहेको थियो । स्थलगत अनुगमन कार्यक्रमको क्षेत्रीय समन्वय इकाई हेटौंडाले संयोजन गरेको थियो । अनुगमन र अवलोकनका क्रममा उक्त टोलीले भूकम्प प्रभावित गाविसका लागि अस्थायी गाविस भवन निर्माण अवलोकन, नागरिक सचेतना केन्द्र, वडा नागरिक मञ्चसँग अन्तरक्रिया गर्नुका साथै नागरिक सचेतना केन्द्रहरुले सञ्चालन गरेका जिविकोपार्जन सुधार कार्यक्रमहरु अवलोकन गरेको थियो । अनुगमन भ्रमणका क्रममा उक्त टोलीले जिविस, नगरपालिका र गाविसहरूसँग छलफल तथा अन्तरक्रिया गरी विद्यमान अवसर र चुनौतिहरुका बारेमा जानकारी लिने तथा कार्यक्रम वारेमा थप प्रष्टता ल्याउने काम भएको थियो । ■

# भूकम्प प्रभावित जनतालाई तत्काल राहतको व्यवस्था

२०७२ साल वैशाख १२ गतेको महाभूकम्पवाट प्रभावित १४ जिल्लालाई तत्काल राहत स्वरुप स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम मार्फत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले विकास साझेदारहरुको समेत सहयोगमा प्रभावित कूल ५८० गाविसहरू मध्य धेरै क्षति पुगेका गाविसहरुमा रु ९ लाखका दरले, तुलनात्मक रुपमा कम प्रभावित जिल्लाका गाविसहरुलाई रु ४ लाख ५० हजारका दरले र ४१ नपाका ६५० वडालाई रु. २ लाखका दरले तत्काल राहत रकम उपलब्ध गराइएको थियो । मानवीय सहायता स्वरुप तत्काल राहतका लागि उपलब्ध गराइएको उक्त रकम प्रभावित परिवारहरुको तत्कालको आवश्यकता अनुरुप औषधि, खाद्यान्न, अस्थायी वास व्यवस्थापन खानेपानी तथा सरसफाई, वाटो मर्मत जस्ता कामहरुमा खर्चगर्न पाउने गरी बनाइएको तत्काल राहत व्यवस्थापन कार्यप्रकृया निर्देशिका २०७२ वमोजिम परिचालन गरी सो को आय व्यय समेत सर्व साधारण समक्ष सार्वजनिक गरिएको थियो । राहत अनुदानको प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन अनुसार उक्त अनुदान रकम भूकम्प पीडित परिवारहरुका लागि ज्यादै उपयोगी भएको पाइयो । वडा नागरिक मञ्चलाई सो राहत वितरण कार्यमा प्रत्यक्ष संलग्न गराउने व्यवस्था भएवमोजिम वडा तहमा देखिएको उनीहरुको तटस्थ तथा निष्पक्ष क्रियाशीलताका कारण तत्काल यति धेरै परिवारहरुलाई राहत वितरण गर्न सम्भव भयो । वडा नागरिक मञ्चहरुको यो भूमिका यत्र तत्र प्रशंसनीय रहन गयो ।



भूकम्प पछिको गोरखा

# नागरिक सचेतना केन्द्रले जन्माएका सामुदायिक नेतृत्व

चरम अन्धविश्वाश र निरक्षर समाजमा हुर्के वढेकी, समाज र समुदायलाई खुल्ला आंखाले हेर्न समेत सामाजिक वन्धनका कारण घुम्टो ओढ्न विवश महिला एकै वर्षपछि समुदायको नेतृत्व गर्नसक्ने भइन् भन्दा कसैलाई पत्यार नलाग्न पनि सक्छ । तर यो कुनै काल्पनिक कथा नभई धनुषा जिल्ला झोझिकटैया गाविस वडा नं ८ गोठ टोलकी ववितामण्डलको जीवनमा आधारित कथा हो ।

जिविस धनुषाले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको सहयोगमा सामाजिक परिचालन कार्यक्रम अन्तरगत विपन्नता नक्शांकनका आधारमा झोझिकटैया गाविस वडा नं ८ गोठ टोलमा नागरिक सचेतना केन्द्र गठन गर्ने तयारी थियो । केन्द्र गठनको उद्देश्य वारे सामाजिक परिचालकवाट अलि अलि सुन्नसम्म पाएकी ववितालाई आफू पनि त्यस केन्द्रमा गएर जान्न, सुन्ने र वोल्न साह्रै रहर थियो । उनले कांतर स्वरमा आफ्नी सासु समक्ष हमरो मन होइअ कि नागरिक सचेतना केन्दरमे जाउ या कुछ कुछ लबका लबका बात सब सिखु । तइस हमरा नागरिक सचेतना केन्दरमे भाग लइला जाय दुन माई भनेर अनुरोध गरिन् । तर त्यस्तै समाजमा हुर्के वढेर वृद्धअवस्था उन्मुख सासु आमालाई स्वभाविक रुपमा केन्द्रको महत्ववारे जानाकारी नहुनु स्वभाविकै थियो । उनले आफ्नो संस्कार सम्झिदै कइला जेबह नागरिक सचेतना केन्दरमेरुवोत त जनी सव विगैर जाइछै भनेर उनलाई जाने अनुमति दिइएन । उनले धेरै अनुनय विनय गरेपछि, आखिर आमा जस्तै न हुन् सासु आमा, कसो कसो उनको मन पलायो र उनले नागरिक सचेतना केन्द्रमा जाने अनुमति पाइन् । सचेतना केन्द्रमा विभिन्न विषयमा छलफल तथा जानाकारीहरु पाउन थालिए । आफ्ना



बबिता

गाउँ घरका, आफैसँग ठ्याक्कै मिल्ने खालका समस्या र वस्तुस्थितिहरुले उनको मन मष्तिकमा गहिरो छाप पर्दै गयो । चेतनाको दियोसँगै दिन चर्या क्रमश फेरिदै जान थाल्यो । लाजले घुम्टो खोल्न संकोच मान्ने वविता क्रमश प्रष्टसँग आफ्ना कुरा राख्ने मात्र नभई अरुलाई समेत वोल्न उत्प्रेरित गर्नसक्ने पो भइन्, जसले गर्दा नागरिक सचेतना केन्द्रको वैठकले उनलाई केन्द्रको अध्यक्ष बनाएको छ । उनमा आएको परिवर्तन देखेर कुनै दिन उनलाई दुत्कार्ने, हेयको भावले हेर्ने मानिसहरू त उनको आत्म विश्वाश देखेर चकित पो पर्न थाले ।

गाउँघरमा पनि उनी सामाजिक चेतनाका कुरा गर्ने, अन्धविश्वाशी परम्पराहरु छाड्नपर्ने, सवैले घर आँगन सरसफाई गर्ने, सिकेका कुराहरु परिवारमा सुनाउने यस्तो होइन यस्तो रहेछ भनेर अरुलाई समेत सिकाउन सक्ने भइन् । वुहारीमा आएको चेतनाको स्तर र आत्मविश्वाश देखेर सासु ससुराको व्यवहार पनि फेरिन थाल्यो । घरमा कुनै निर्णय लिँदा उनको पनि विचार लिने कहिल्यै नवसेको परिपाटी वस्न थाल्यो । पारिवारिक माया र विश्वास पनि बढ्दै गयो । यो सवै सुनेर विदेशमा रहेका उनका पति पनि दङ्ग परेका छन् । सामाजिक परिचालनले जन्माएका वविता मण्डल त एक प्रतिनिधि पात्र मात्र हुन् । सामाजिक सचेतनाको यो लहर यत्र तत्र जतासुकै देख्न र भेट्न सकिन्छ ।

*फेकन यादव, सामाजिक परिचालक*
*झोझिकटैया, धनुषा*

## नतिजामूखी योजना प्रकृया सम्वन्धी तालिम सञ्चालन



नतिजामूखी तालिम सञ्चालन गरिदै

स्थानीय निकायका वार्षिक तथा आवधिक जिल्ला विकास योजनाहरु नतिजामा आधारित वनाउन सहयोग पुऱ्याउने अभिप्रायले सबै जिल्लालाई विकास क्षेत्रस्तरमा तीन दिवसीय नतिजामा आधारित योजना सम्वन्धी तालीम सञ्चालन गरियो ।

विकास क्षेत्र स्तरमा सञ्चालित ५ इभेन्ट तालीममा स्थानीय विकास अधिकारी, योजना, अनुगमन तथा प्रशासकीय अधिकृत र कार्यक्रम अधिकृतहरु गरी जम्मा २२३ जनाको सहभागिता रहेको थियो । तालीम पश्चात स्थानीय निकायहरुले नागरिक र सरोकारवालाहरुको सहभागितामा नतिजामा आधारित योजना तर्जुमालाई संस्थागत गर्दै लैजाने अपेक्षा गरिएको छ । ■

## न्युनतम शर्त र कार्यसम्पादन (न्यु.स.का.स.) मापन अभ्यास र अवस्था

२०५६ को नियम २७३ घ बमोजिम स्थानीय निकाय वित्तीय आयोगबाट वार्षिक रुपमा निश्चित मापदण्डका आधारमा स्थानीय निकायहरुको कार्य सम्पादन जांच गर्ने पद्धति हो । न्यूनतम शर्त (Minimum Condition-MC) भन्नाले स्थानीय निकायहरुले स्थानीय स्वायत्त शासन ऐन तथा तत्सम्बन्धी नियमावली, कार्यविधि, निर्देशिका तथा अन्य प्रचलित कानून बमोजिम अनिवार्य रुपमा पालना गर्नुपर्ने कानूनी प्रावधानहरु कार्यान्वयन भए नभएको अवस्था जांच गर्ने विधि हो । स्थानीय निकायले सम्पादन गर्नपर्ने कार्यक्षेत्रलाई आधार मानी न्यूनतम शर्तका सूचकहरु (Indicators) तयार गरिन्छ । यी सूचकहरु सबै स्थानीय निकायहरुले अनिवार्यरुपमा पुरा गर्नुपर्ने शर्तहरू हुन् र यिनैका आधारमा स्थानीय निकायहरुको कार्य सम्पादन मापन गरिन्छ ।

यो व्यवस्था आ.ब. २०६६/६७ देखि प्रारम्भ भएको हो र त्यति वेलादेखि अहिलेसम्मका न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको नतिजा हेर्दा जिविस र नगरपालिकाहरुको कार्यसम्पादनमा क्रमिक सुधार आएको देखिन्छ । जनशक्तिको कमी, गाविस सचिवको थप कार्य वोझको अवस्था, गाविसहरुमा सचिवको पदपुर्ति हुन प्रकृयागत ढिलाइ, गाविसका भौतिक संरचनाहरु व्यवस्थित भइ नसक्नु जस्ता कारणहरुले गर्दा गाविसहरुको कार्यसम्पादन तुलनात्मक रुपमा अझैपनि कमजोर रहेको देखिन्छ । तलको तालिकामा विगत ५ वर्षको न्युसकासको तुलनात्मक अवस्था देखाइएको छ ।

| | जिविस | | गाविस | | नगरपालिका | |
|---|---|---|---|---|---|---|
| आ.व. | मूल्याङ्कन संख्या | सफल | मूल्याङ्कन संख्या | सफल | मूल्याङ्कन संख्या | सफल |
| ०६६/६७ | ७५ | ६१ | ३७३३ | ३५२६ | ५८ | ५१ |
| ०६७/६८ | ७५ | ६४ | ३९१५ | ३४०६ | ५८ | ५४ |
| ०६८/६९ | ७५ | ६९ | ३९१५ | ३०७६ | ५८ | ५३ |
| ०६९/७० | ७५ | ६७ | ३९१५ | ३०७९ | ५८ | ५७ |
| ०७०/७१ | ७५ | ७० | ३६२५ | २८३७ | ५८ | ५८ |

## शहरी योजना तथा भवन निर्माण मापदण्ड र कार्यान्वयन क्षमता विकास

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयलबाट **GIZ/CD-M un** कार्यक्रमको सहयोगमा शहरी विकास तथा भवन निर्माण विभागको समन्वयमा पाँचवटा नयाँ नगरपलिकाहरु (घोडाघोडी, जयपृथ्वी, बाँसगढी, भेरी गंगा र काशीखण्ड) को लागि भवन निर्माण मापदण्ड तयार गर्ने कार्य सम्पन्न भएको छ । शहरी योजना तथा भवन निर्माण मापदण्ड र राष्ट्रिय भवन संहिता सम्वन्धी एकिकृत प्रशिक्षण पुस्तिकाको आधारमा सुदुर, मध्य पश्चिमाञ्चल, पश्चिमाञ्चल र मध्यमाञ्चलका क्षेत्रका नयाँ नगरपलिकाहरुमा कार्यरत इन्जिनियरहरुको लागि ८ दिवसीय भवन निर्माण मापदण्ड र राष्ट्रिय भवन संहिता सम्बन्धी तालिम संचालन गरिएको थियो । उक्त तालिममा विभिन्न नगरपलिकाका ५६ जना इन्जिनीयरहरू सहभागी थिए भने स्थानीय विकास प्रशिक्षण केन्द्र, जावलाखेलमा आयोजित राष्ट्रिय भवन संहिता सम्बन्धी प्रशिक्षक प्रशिक्षण **(TOT)** कार्यक्रममा विभिन्न नगरपलिकाहरुमा कार्यरत १८ जना इन्जिनीयर तथा डिजाइनरहरुलाई शहरी योजना तथा भवन निर्माण मापदण्ड विषयक तालिम संचालन गरिएको थियो । ■



भवन निर्माण मापदण्ड

## नगरपालिकामा कार्यरत अग्नी नियन्त्रकहरुको लागि अग्नी नियन्त्रण तथा उद्धार तालिम कार्यक्रम संचालन

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले, अग्नी नियन्त्रण तथा विपद् व्यवस्थापन शाखाको समन्वय र जुद्ध बारुण यन्त्र कार्यालय, काठमाडौंको प्राविधिक सहयोगमा विर्तामोड नगरपालिका, झापामा नगरपालिकामा कार्यरत अग्नी नियन्त्रकहरुको लागि मिति २०७२ चैत २ देखि ६ गते सम्म ५ दिवसीय आधारभूत अग्नी नियन्त्रण तथा उद्धार तालिम कार्यक्रम संचालन गरिएको थियो । तालिम कार्यक्रममा अग्नी विपद् व्यवस्थापन प्रणालीको जानकारी, अग्नी नामक साधनहरुको परिचय र प्रयोगात्मक अभ्यास, अग्नी नियन्त्रण विधि तथा उद्धार गर्ने तरीकाको सैद्धान्तिक जानकारी र व्यवहारिक अभ्यासहरू गराइएका थिए । उक्त तालिममा पूर्वाञ्चल विकास क्षेत्रका ९ वटा नगरपालिकामा कार्यरत २० जना अग्नी नियन्त्रकहरु सहभागी थिए ।




अग्नी नियन्त्रक तालिम

## वातावरणमैत्री वार्षिक विकास योजना !

धनुषाधाम नगरपालिकामा कार्यरत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका सामाजिक परिचालक श्री शान्ति लामाका अनुसार सो नगरपालिकाले योजना तर्जुमा गर्दा वातावरणीय पक्षलाई पनि पर्याप्त ध्यान दिएको छ । नगरपालिकाले आर्थिक वर्ष २०७३/७४ को बार्षिक कार्यक्रममा वातावरणमैत्री कृयाकलापहरू - वृक्षारोपण, नविकरणीय ऊर्जा, जैविक तट्बन्धन तथा पोखरी संरक्षणलाई समेटेको छ । ६ महिनाभन्दा लामो लगातारको तराई बन्दका बाबजुद पनि यस नगरपालिकाले नगरपरिषद् समयमै गराउन सफल भयो । कार्यकारी अधिकृतको कुशल नेतृत्व, अनुगमन तथा मूल्याङ्कन अधिकृतको निरन्तर प्रयास, टोल विकास संस्था, नागरिक सचेतना केन्द्र र वडा नागरिक मञ्चहरुलाई सामाजिक परिचालकको प्रभावकारी सहजिकरणका कारण वडा भेलाहरु भई सहभागितामूलक योजना तर्जुमा पद्दति अनुसार निर्धारित समयमै नगरपरिषद् सम्पन्न हुनसकेको हो । राजनीतिक अवस्था अनुकूल नहुँदा नहुँदै पनि वडा नागरिक मञ्च, नगरपालिका स्थित विभिन्न वडा तहका सरोकारावाला संजालहरू र टोल विकास संस्थाहरूको सकारात्मक भूमिकाको कारण समयमै योजना तर्जुमा प्रकृया सम्पन्न भयो ।

वातावरणमैत्री कृयाकलाप समेटिएको योजनालाई नगरपालिका, स्थानीय राजनीतिक दलहरु, नागरिक समाज तथा वडा नागरिक मञ्चले पूर्ण रूपमा स्वामित्व लिएका छन् । वातावरणमैत्री स्थानीय शासन कार्यक्रम (EFLGP) को लागि वित्तीय कारोवार गर्नको लागि नगरपालिकाले छुट्टै लेजर (Ledger) खाताको व्यवस्था गरेको छ । नगरपालिकाको कार्यकारी अधिकृतका अनुसार वातावरणमैत्री स्थानीय शासन कार्यक्रम (EFLGP) का धेरै जसो कृयाकलापहरू उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने गरेका छन् । जसको कारण यो कार्यक्रम स्थानीयस्तरमा प्रभावकारी हुन सकेको छ । उपभोक्ताले जम्मा गर्नुपर्ने १५% रकम समेत समयमै बैंकमा दाखिला भई कार्यक्रम निर्धारित योजना अनुसार कार्यान्वयनमा आएको छ । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका कर्मचारीले वातावरणमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन गर्न प्राविधिक सहयोग गरी वातावरणमैत्री नगर वनाउने ध्ययलाई टेवा पुऱ्याइरहेका छन् । वातावरणमैत्री स्थानीय शासन कार्यक्रम १४ जिल्ला, ५४ नगरपालिका र ६० गाउँ विकास समितिहरूमा सञ्चालन भई रहेको छ । ■


"सुशासन किन ? गरीबी र पछौटेपन घटाउन ।"

# नागरिक सचेतना केन्द्रले बढाएको आत्मविश्वास



मीना चौधरी

कञ्चनपुर जिल्ला झलारीपिपलाडी नगरपालिका वडा नं ७ सिमलफाँटाकी ३२ वर्षीय मिना चौधरीको १६ जनाको संयुक्त परिवार रहेको छ । उनको परिवार २०५८ सालको माघ महिनामा शुक्लाफाँटा वन्यजन्तु आरक्षवाट विस्थापित भई सिमलफाँटाको पुर्नवास वस्तीमा आएको थियो । विपन्न परिवारकी मिना चौधरीको यो ठूलो परिवारलाई आफ्नो सीमित खेतीवालीवाट दैनिक गर्जो टार्न धौ धौ भइरहेको थियो । यस्तैमा २०६८ सालको चैत महिनादेखि तत्कालीन झलारी गाविसमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमवाट सामाजिक परिचालन कार्यक्रम शुरु भयो । गाविसका वडाहरुको विपन्नता नक्शांकनका आधारमा वडा नागरिक मञ्चहरु र गाविसले सिमलफाँटा गाउँमा नागरिक सचेतना केन्द्र गठन गर्ने निर्णय गऱ्यो । मिना भन्छिन् ( त्यसपछि हामीहरु साता सातामा नागरिक सचेतना केन्द्रको वैठकमा जान थाल्यौं ।

नागरिक सचेतना केन्द्रमा सञ्चालन हुने साप्ताहिक रिफ्लेक्ट शेसनहरुमा नियमित रुपमा सहभागी भएपछि मैले धेरै कुरा जान्ने वुझ्ने र सिक्ने अवसर पाएँ । नागरिक सचेतना केन्द्रमा नागरिकका हक अधिकार, गरिवी र पछौटेपनका कारणहरु, व्यक्तिगत घटना दर्ता, स्वास्थ्य र सरसफाई, सामाजिक विसँगति विरुद्ध चेतनामूलक कुराहरु, वाल विवाह, दाइजो प्रथा जस्ता विषयमा छलफल हुनुका साथै विभिन्न निकायवाट प्रवाह गरिने सेवाहरु, आय आर्जनका सम्भावना जस्ता विषयमा पनि छलफल गरिन्थ्यो । छलफलकै क्रममा हामीले महसूस गऱ्यौं हाम्रो गाउँमा ताजा तरकारी खेती गरेर राम्रो आय आर्जन गर्न सकिने धेरै सम्भावनाहरु रहेछन् । त्यसका लागि हामीले सचेतना केन्द्रमा थप छलफल गऱ्यौं र आय आर्जन र साना व्यवसाय सञ्चालन गर्ने उद्धेश्यले ३ वटा टनेल सहितको वोरिङ निर्माण गर्ने प्रस्ताव तयार गरियो ।

प्रस्तावना अनुसार स्थानीय रुपमा श्रम जुटाएर गर्न सकिने कामहरु हामी आफैले गऱ्यौं र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमवाट जिविकोपार्जन सुधार र साना पूर्वाधार सहयोग स्वरुप रु ४ लाख १५ हजार प्राप्त गरियो । जसबाट तीनवटा टनेल र वोरिङ्ग निर्माण गरियो । वोरिङ्ग निर्माण पश्चात कृष्णसार नागरिक सचेतना केन्द्रका २० जना सदस्यहरुलाई सिँचाईको सुविधा उपलव्ध भयो । यसैगरी कार्यक्रमवाट अनुदान स्वरुप रु एक लाख प्राप्त गऱ्यौं । केन्द्रको निर्णय अनुसार उक्त रकमवाट म लगायत नारु लुहार, चन्द्रा नेगीले उत्साहका साथ ताजा तरकारी उत्पादन शुरु गरियो । ताजा तरकारी उत्पादनवाट राम्रो आय हुने देखेपछि हाम्रो सिको गर्दै अरु थप २० जनाले तरकारी खेती गरीआफ्नो दैनिकी सहज वनाउन सकेका छौं । तरकारी व्यवसायवाट तुलनात्मक रुपमा अलि वढी (सरदर १८ हजार मासिक) आम्दानी गर्न सफल भएकी मिना आफ्नो नेतृत्व विकास समेत भएकोमा गर्व गर्छिन। उनी भन्छिन् -कुनै वेला नयां मानिससँग वोल्न संकोच लाग्ने, नयां ठाउँमा जान पनि डर मान्ने र अलि धेरै मान्छे भएको ठाउँमा जान डराउने म र म जस्ता हाम्रो केन्द्रका सदस्यहरु नागरिक सचेतना केन्द्रमा आवद्ध भई नियमित कक्षाहरुमा सहभागी हुन थालेपछि अव कोही कसैसँग वोल्न र आफ्ना कुरा राख्न कुनै डर र संकोच मान्दैनौ ।

अव त वोल्ने मात्र नभई आफ्ना र समुदायका सवाल पहिचान गर्ने, सवाल उत्पन्न हुने कारण तथा त्यसका असर समेत जान्न सक्ने भएका छौं । यसरी नागरिक सचेतना केन्द्रमा हुने छलफलवाट सामाजिक चेतना वढ्ने, आफ्ना कुरा निर्धक्कसाथ व्यक्त गर्ने, स्वास्थ्य र सरसफाइको अवस्थामा सुधार आउने, सा-साना भए पनि आय आर्जनका व्यवसाय सञ्चालन गर्न सक्ने वातावरण तयार भई हिजो नितान्त चुल्हो र चौकामा सीमित महिलाहरु अहिले यो अवस्थामा पुग्नसक्नुका पछाडि नागरिक सचेतना केन्द्रको देन रहेको स्वीकार गर्छन् मिना लगायत नागरिक सचेतना केन्द्रका सहभागीहरु । यसबाट उपयुक्त वातावरण, थोरै सहयोग तथा मार्गदर्शन पाएमा ग्रामिण महिलाहरु पनि आत्मनिर्भर र उद्यमी वन्न सक्छन् भन्ने कुराको प्रतिनिधि पात्र हुन् मिना चौधरी । ■

# स्थानीय शासन तथा सामाजिक जवाफदेहिता अभिवृद्धिका लागि डेनमार्क सरकारद्वारा थप सहयोग

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र डेनमार्क सरकारवीच स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको दोश्रो चरण कार्यान्वयन गर्न थप ४ मिलियन अमेरिकी डलर (DKK 20 Million) उपलव्ध गराउने संवन्धमा मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङ्ग र डेनमार्क राजदुत क्रिस्टेन गेलानबीच मे २७, २०१६ मा एक समारोहवीच सम्झौता सम्पन्न भयो । उक्त अवसरमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङ्गले नेपालमा स्थानीय शासन तथा सामाजिक जवाफदेहिता अभिवृद्धि तथा सवलीकरणका लागि डेनमार्क सरकारबाट निरन्तर रूपमा प्राप्त सहयोगका लागि हार्दिक आभार व्यक्त गर्दै उपलव्ध सहयोग राशी २०१६/१७ को प्राथमिकता प्राप्त स्वीकृत कार्यक्रम अनुसार परिचालन गरिने बताउनु भयो । ■

# सूचना प्रविधि समाचार



सूचना प्रविधि समाचार तालिम

बैतडी जिल्लामा अवस्थित दशरथचन्द नगरपालिकाले आफ्ना कर्मचारी तथा सामाजिक परिचालाकहरुलाई आधुनिक सूचना प्रविधि सम्बन्धमा जानकार गराउने उद्देश्यले ३ दिने सूचना प्रविधि सम्बन्धी तालिम संचालन गरेको छ । २०७३ वैशाख १० देखि १२ गतेसम्म संचालन गरेको उक्त तालिममा नगरपालिकाका १० जना नियमित कर्मचारी र १३ जना सामाजिक परिचालकहरु गरी जम्मा २३ जना सहभागी थिए । नेपाली टाइपिङ, युनिकोड, इमेल इन्टरनेट, गुगल टुल्स, अफिस प्याकेज, अपरेटिंग सिस्टम, मोबाइल टेक्नोलोजी, स्थानीय निकायमा सामाजिक संजाल र वेबसाइटको सूचना प्रवाहमा प्रभाव, विधुतीय शासन, साइबर कानुन आदि लगायतका विषयमा प्रशिक्षक दिइएको थियो । उक्त प्रशिक्षणमा सहभागीहरुले सो तालिम उपलब्धिमूलक भएको र यस्तो तालिम बालक्लबका प्रतिनिधिहरुलाई पनि आवश्यक रहेको र बदलिँदो सूचना प्रबिधि बिषयमा पुनर्ताजगी तालिम दिन आवश्यक रहेको प्रतिक्रिया जनाएका थिए । ■



सामाजिक परिचालकहरु तालिममा

## स्थानीय शासन तथा सामुदायिक विकास .....

पृष्ठ ६ को बाँकी अंश

| क्र. स | जिल्ला | नाम | पद | मोबाइल नं. |
|---|---|---|---|---|
| ४ | सूर्योदय | अभिषेक पौडेल | कार्यक्रम अधिकृत | ९८४२६४५२१४ |
| ५ | देउमाई | गंगाराम भट्टराई | कार्यक्रम अधिकृत | ९८४९४२२३९१ |
| ६ | भद्रपुर | आज्ञा पराजुली कार्की | कार्यक्रम अधिकृत | ९८४९११७७२९ |
| ७ | दमक | डम्बर राज बराल | सामाजिक विकास अधिकृत | ९८५२६७५५११ |
| ८ | मेचीनगर | अनन्त प्रकाश वस्ती | सामुदायिक अधिकृत | ९८५२६७२७५८ |
| ९ | कन्काई | मनोज चौधरी | सब-इन्जिनियर | ९८४२५४४२०९ |
| १० | विर्तामोड | पदमराज घिमिरे | कार्यक्रम अधिकृत | ९८४४६०५१३५ |
| ११ | शनि-अर्जुन | डेनजनी आचार्य | प्रशासकीय अधिकृत | ९८४९११२४४५ |
| १२ | शिव सताक्षी | महेश लामिछाने | कार्यक्रम अधिकृत | ९८४२२४८५६१ |
| १३ | गौरादह | सचिन कुमार क्षेत्री | इञ्जिनियर | ९८४१५७११३७ |
| १४ | विराटनगर उ-म-न-पा- | राजेन्द्र प्रधान | सामाजिक विकास अधिकृत | ९८४२०३००११ |
| १५ | उर्लावारी | नवराज घिमिरे | कार्यक्रम अधिकृत | ९८६२०२८९८९ |
| १६ | वेलवारी | सविन कुमार क्षेत्री | इञ्जिनियर | ९८४१५७११३५ |
| १७ | पथरी शनिश्चरे | योगेन्द्र राज खत्री | कार्यक्रम अधिकृत | ९८४९००९९३५ |
| १८ | सुन्दर दुलारी | शम्भुनाथ मण्डल | इञ्जिनियर | ९८०५३४५१८९ |
| १९ | कोशी हरैचा | निरज न्यौपाने | कार्यक्रम अधिकृत | ९८४२३५९२९८ |
| २० | रंगेली | श्याम सुन्दर सिंह | इञ्जिनियर | ९८४३७९६२०० |
| २१ | लेटाङ भोगटेनी | भानुभक्त राई | इञ्जिनियर | ९८४१५०३९४८ |
| २२ | ईटहरी | राजेन्द्र धिमाल | शाखा अधिकृत | ९८५२०५५४६४ |
| २३ | ईनरुवा | कपिल देव मेहता | कार्यक्रम अधिकृत | ९८५२०५४०८४ |
| २४ | धरान | सुनिल नेपाल | सामाजिक विकास अधिकृत | ९८५२०४५५५५ |
| २५ | दुहवी-भलुवा | गुन्जन कुमारी मिश्रा | इञ्जिनियर | ९८४२०९६१७४ |
| २६ | रामधुनी भासी | अमित कुमार चौधरी | इञ्जिनियर | ९८४२३४०५९९ |
| २७ | धनकुटा | नुष राज श्रेष्ठ | प्रबन्धक | ९८५२०५०७०५ |
| २८ | पाख्रीबास | दीपक राई | इञ्जिनियर | ९८५२०५०५६३ |
| २९ | म्याग्लुङ | गुन्जन कुमारी मिश्रा | इञ्जिनियर | ९८४१६७६२१३ |
| ३० | लालीगुराँस | हरि श्रेष्ट | इञ्जिनियर | ९८४१२९९४५१ |
| ३१ | खाँदवारी | सुरज श्रेष्ठ | इञ्जिनियर | ९८५२०५१७८९ |
| ३२ | चैनपुर | गणेश कुमार लिम्बु | सहलेखापाल | ९८४२०७६५८२ |
| ३३ | मादी | रिता रम्तेल वर्मा | कार्यक्रम अधिकृत | ९८४२०७११०६ |
| ३४ | भोजपुर | अनुप साउदेन | इञ्जिनियर | ९८४३७१८११२ |
| ३५ | षडानन्द | केशव गिरी | इञ्जिनियर | ९८४१६०६७०९ |
| ३६ | त्रियुगा | अम्बिका प्रसाद धमला | सामाजिक विकास शाखा प्रमुख | ९८५२८३५१२२ |
| ३७ | कटारी | प्रियंका थापा | इञ्जिनियर | ९८४१८८७५८२ |
| ३८ | वेल्टार वसाहा | वरुण कुमार यादव | इञ्जिनियर | ९८४९०३८३४५ |
| ३९ | राजविराज | कल्पना देव | सामाज कल्याण शाखा, नायब सुब्बा | ९८६२८५०७९० |
| ४० | शम्भुनाथ | रामचन्द्र साह | इञ्जिनियर | ९८४९०८८९९० |
| ४१ | कन्चनरुप | अशोक कुमार यादव | इञ्जिनियर | ९८४१७४८३१३ |
| ४२ | सप्तकोशी | रसना सैंजु | अनुगमन र मुल्यांकन अधिकृत | ९८४१०४१९९१ |
| ४३ | हनुमाननगर योगिनिमाई | अशोक कुमार सिंह | इञ्जिनियर | ९८४२८८०८८९ |
| ४४ | सिराहा | जय किशोर शाह | इञ्जिनियर | ९८४९१५२०८१ |
| ४५ | लहान | लखनलाल साह | खरिदार | ९८४२८४३२१७ |
| ४६ | मिर्चैया | राजेश कुमार शाह | इञ्जिनियर | ९८०१५००७५१ |
| ४७ | गोलबजार | जय प्रकाश सहानी | इञ्जिनियर | ९८४१८३९८६३ |
| ४८ | सुखिपुर | दोमी यादव | इञ्जिनियर | ९८४३६४०४७५ |
| ४९ | धनगढीमाई | शम्भु कुमार यादव | इञ्जिनियर | ९८४१५७२६४३ |

## क्षेत्रीय समन्वय इकाई हेटौंडा अन्तर्गत

### जिल्ला विकास समितितर्फ

| | | | | |
|---|---|---|---|---|
| १ | सोलुखुम्बु | युवराज पोखरेल | कार्यक्रम अधिकृत | ९८५२८५१४७२ |
| २ | ओखलढुंगा | बिष्णुहरि बराल | अनुगमन तथा प्रसासकीय अधिकृत | ९८५११५५५२७ |
| ३ | खोटाङ | कुमार प्रशाद दाहाल | कार्यक्रम अधिकृत | ९८४९४०७७२३ |
| ४ | धनुषा | राम भजन यादव | कार्यक्रम अधिकृत | ९८४४०५४५५१ |
| ५ | महोत्तरी | राजेश कुमार पाठक | कार्यकरी सचिव | ९८४४०५७८३९ |
| ६ | सर्लाही | पुष्करमणि घिमिरे | सूचना तथा सामाजिक विकास अधिकृत | ९८५४०३५९५९ |
| ७ | सिन्धुली | सागर कुमार ढकाल | सामाजिक विकास अधिकृत | ९८४४०४१२७३ |
| ८ | मकवानपुर | कल्पना दुलाल | कार्यक्रम अधिकृत | ९८५५०७२९०३ |
| ९ | रौतहट | जित बहादुर चौधरी | सामाजिक विकास अधिकृत | ९८४५७२४९८५ |
| १० | बारा | तपसी चौरसिया | स्थानीय विकास कोष, कार्यकरी सचिव | ९७५५००१२६५ |
| ११ | पर्सा | धर्म राज थापा | स्थानीय विकास कोष, कार्यकरी सचिव | ९८५५०२०५९० |
| १२ | चितवन | रामहरि न्यौपाने | स्थानीय विकास कोष, कार्यकरी सचिव | ९८४५०५१७६६ |

### नगरपालिकातर्फ

| | | | | |
|---|---|---|---|---|
| १ | जनकपुर | गणेश प्रशाद यादव | सामाजिक विकास अधिकृत | ९८४४१२५४९३ |
| २ | धनुषाधाम | मनोज कुमार यादव | इञ्जिनियर | ९८४१५०६७२० |
| ३ | छिरेश्वरनाथ | दिपक कुमार यादव | इञ्जिनियर | ९८५११७११५४ |
| ४ | गणेशमान चारनाथ | विकाश शाह | इञ्जिनियर | ९८५११८६३७६ |
| ५ | मिथिला | जय गणेश शाह | इञ्जिनियर | ९८४३७५२८४९ |
| ६ | सबैला | सुनिल गामी | इञ्जिनियर | ९८४४०२६७२९ |
| ७ | जलेश्वर | बसन्त ठाकुर | सामाजिक विकास अधिकृत | ९८५४०३०३६७ |
| ८ | गौशाला | कुलभूषण शेखर शर्मा | इञ्जिनियर | ९८५११५११८८ |
| ९ | बर्दिबास | टेकबहादुर कटुवाल | इञ्जिनियर | ९८५११९६९२० |
| १० | मलंगवा | राज कुमार अधिकारी | सामाजिक विकास अधिकृत | ९८५४०३६८९१ |
| ११ | हरिवन | मदन श्रेष्ट | इञ्जिनियर | ९८४१६९९८०१ |
| १२ | लालवन्दी | रोशन कुमार पण्डित | इञ्जिनियर | ९८४४३८६५७९ |

| क्र. स | जिल्ला | नाम | पद | मोबाइल नं. |
|---|---|---|---|---|
| १३ | ईश्वरपुर | रमेश कुमार शाह | इन्जिनियर | ९८४६२६३४३९ |
| १४ | बरहथवा | सुभाष दास | एकाउन्टेन्ट | ९८५४०३५९६१ |
| १५ | कमलामाई | अमरदीप चौधरी | इन्जिनियर | ९८५४०४१४०७ |
| १६ | दुधौली | दिनेश अधिकारी | प्राविधिक सहायक | ९८४४२७२८९३ |
| १७ | हेटौडा | भिम प्रसाद तिमिल्सिना | सामाजिक विकास शखा प्रमुख | ९८४५०२९४४२ |
| १८ | थाहा | सुरज कुमार भुजेल | क्मप्युटर अपरेटर | ९८५५०६८६९५ |
| १९ | गौर | उत्तम भट्टर्राई | सामाजिक विकास अधिकृत | ९८५५०४०३१२ |
| २० | चन्द्रपुर | मुकेश कुमार गुप्ता | इन्जिनियर | ९८४१५३०३२४ |
| २१ | गरुडा | राज नारायण यादव | सामाजिक विकास अधिकृत | ९८५५०४२८७४ |
| २२ | कलैया | राज कुमार शाह | इन्जिनियर | ९८५५०४५९५१ |
| २३ | गढिमाई | संजीव रुपाखेती | इन्जिनियर | ९८४५५२८१०१ |
| २४ | निजगढ | सुजमा खड्गी | इन्जिनियर | ९८५११५०६२२ |
| २५ | महागढ़िमाई | अजय शर्मा | एकाउन्टेन्ट | ९८४५२२५३२७ |
| २६ | सिम्रौनगढ | सुरेश प्रशाद यादव | प्राविधिक सहायक | ९८४५४९१७३७ |
| २७ | कोल्हवी | अरविन्द कुमार यादव | इन्जिनियर | ९८४९७८२७९९ |
| २८ | वीरगञ्ज उ=न=पा= | सुनिल कर्ण | सामाजिक विकास अधिकृत | ९८५५०२८८५० |
| २९ | पोखरिया | श्याम भगत माली | एकाउन्टेन्ट | ९८०३५९८१८८ |

## क्षेत्रीय समन्वय इकाई धुलिखेल अन्तर्गत

### जिल्ला विकास समितितर्फ

| | | | | |
|---|---|---|---|---|
| १ | रामेछाप | नारायण सुबेदी | कार्यक्रम अधिकृत | ९८४४४००८५२ |
| २ | दोलखा | नारायण प्रसाद सेढाई | सामाजिक विकास अधिकृत | ९८५४०४५८३३ |
| ३ | सिन्धुपाल्चोक | राजभाई श्रेष्ठ | सामाजिक विकास अधिकृत | ९८५११४२७४५ |
| ४ | काभ्रेपलान्चोक | सबिना शर्मा | कार्यक्रम अधिकृत | ९८५१०८९८३५ |
| ५ | ललितपुर | बिशेश्वर कोइराला | सामाजिक विकास अधिकृत | ९८४१५०६४९८ |
| ६ | काठमाण्डौ | दीपक कुमार के.सी. | सामाजिक विकास अधिकृत | ९८५१०६९३६५ |
| ७ | भक्तपुर | गोकुल कार्की | अधिकृत | ९८४१४७२८५२ |
| ८ | नुवाकोट | पुष्कर शर्मा रिमाल | सामाजिक विकास अधिकृत | ९८५११४८२०० |
| ९ | रसुवा | नाल राज अधिकारी | स्थानीय विकास कोष, कार्यकारी सचिव | ९८५१२२६७५३ |
| १० | धादिङ | विनोद अर्याल | सामाजिक विकास अधिकृत | ९८५११८२०३६ |

### नगरपालिकातर्फ

| | | | | |
|---|---|---|---|---|
| १ | दुधकुण्ड | सजिना शेर्पा | इन्जिनियर | ९८६२९५४९४४ |
| २ | सिद्धिचरण | दिव्या श्रेष्ठ | इन्जिनियर | ९८४४०१६०८६ |
| ३ | दिक्तेल | नवराज घिमिरे | कार्यक्रम अधिकृत | ९८४२९०५३९५ |
| ४ | मन्थली | सोम नाथ पौडेल | सामाजिक विकास अधिकृत | ९८४९४२१२२३ |
| ५ | रामेछाप | कुसुम भट्टराई | इन्जिनियर | ९८४९८०७१८७ |
| ६ | भिमेश्वर | ज्ञानु खडका | सामाजिक विकास अधिकृत | ९८५४०४५१०९ |
| ७ | जिरी | सुरेश ओली | इन्जिनियर | ९८५४०४५०८४ |

| क्र. स | जिल्ला | नाम | पद | मोबाइल नं. |
|---|---|---|---|---|
| ८ | चौतारा | यमुना शाह | इन्जिनियर | ९८०७८२१४२१ |
| ९ | मेलम्ची | राजेश कुमार श्रेष्ठ | इन्जिनियर | ९८०१०७४६४९ |
| १० | धुलिखेल | श्री बिक्रम व्यञ्जु | अफिसर एकाउन्टेन्ट | ९७५१००९५९१ |
| ११ | पनौती | केशव बन्जारा | सामाजिक विकास अधिकृत | ९८५१००७६९९ |
| १२ | वनेपा | ध्रुवराज नेपाल | सामाजिक विकास अधिकृत | ९८४१४३७४२१ |
| १३ | पाँचखाल | राजिव मानन्धर | इन्जिनियर | ९८४१४९३६५९ |
| १४ | दाप्चा-काशिखण्ड | सुरेश श्रेष्ठ | इन्जिनियर | ९८५१२०३२०१ |
| १५ | ललितपुर उ.म.न.पा. | कृपा श्रेष्ठ | कार्यक्रम अधिकृत | ९८०३४४४६६८ |
| १६ | कार्यविनायक | शुभ अमात्य | इन्जिनियर | ९८६०१०१४६८ |
| १७ | गोदावरी | सुनिल श्रेष्ठ | इन्जिनियर | ९८४१८०९९३५ |
| १८ | महालक्ष्मी | गंगा कट्टेल | कार्यक्रम अधिकृत | ९८४९२४६०३० |
| १९ | बज्रबाराही | सीताराम कार्की | इन्जिनियर | ९८४१६४४३०२ |
| २० | काठमाण्डौ महानगर | पदमकेशर अधिकारी | सामाजिक विकास शाखा प्रमुख | ९८६११५४१५५ |
| २१ | कीर्तिपुर | अनुज प्रधान | सामाजिक विकास शखा प्रमुख | ९८४१२६७७०७ |
| २२ | शंखरापुर | लक्ष्मी प्रसाद माली | कम्प्युटर अपरेटर | ९८४१५८५४७९ |
| २३ | कागेश्वर मनहरा | संजय बर्तौला | इन्जिनियर | ९८४११६२६९० |
| २४ | गोकर्णेश्वर | भुपेन्द्र बोहोरा | कम्प्युटर अपरेटर | ९८५११४९८९६ |
| २५ | बुढानिलकण्ठ | राजकुमार भण्डारी | कम्प्युटर अपरेटर | ९८४३१२५३०५ |
| २६ | टोखा | दिनेश कुमार पाठक | इन्जिनियर | ९८५१२०५९६० |
| २७ | तारकेश्वर | हरिकृष्ण अर्याल | सामाजिक विकास अधिकृत | ९८४१६९४८२३ |
| २८ | नागार्जुन | सन्दीप गिरी | इन्जिनियर | ९८४१४१२१०१ |
| २९ | चन्द्रागिरी | प्रमिला गेलाल | इन्जिनियर | ९८४१६३७३११ |
| ३० | दक्षिणकाली | ननिता खत्री | सामाजिक परिचालक | ९८६०४७७४६५ |
| ३१ | भक्तपुर | श्रीकृष्ण न्याइच्याई | इन्जिनियर | |
| ३२ | मध्येपुर थिमी | तुलसीभक्त ताके | सामाजिक विकास अधिकृत | ९८४१२८५५२५ |
| ३३ | अनन्तलिंगेश्वर | रमेश नगरकोटी | इन्जिनियर | ९८५१०१८५२२ |
| ३४ | सुर्यविनायक | दीपेन्द्र थापा मगर | सब-इन्जिनियर | ९८५१०८५०४७ |
| ३५ | चाँगुनारायण | अमरदीप खड्का | इन्जिनियर | ९८४१९२०४२३ |
| ३६ | महामन्जुश्री नगरकोट | गणेश थापा | इन्जिनियर | ९७५१०१६९२२ |
| ३७ | विदुर | सरला श्रेष्ठ | अधिकृत | ९८४१६७११४७ |
| ३८ | निलकण्ठ | बबिता तिमिल्सिना | इन्जिनियर | ९८४६६४७७५३ |
| ३९ | भरतपुर | तुलसी प्रसाद श्रेष्ठ | सामाजिक विकास अधिकृत | ९८४५०२४००९ |
| ४० | रत्ननगर | पुष्पराज आचार्य | नायब सुब्बा | ९८५५०६६५८० |
| ४१ | खैरहनी | सुदीप खत्री | इन्जिनियर | ९८५११४६८५५ |
| ४२ | चित्रवन | प्रवीण श्रेष्ठ | इन्जिनियर | ९८१८७१७८८३ |
| ४३ | माडी | दिपेन्द्र पाठक | इन्जिनियर | ९८५५०६४६६३ |
| ४४ | नारायणी | सन्तोष पाण्डे | इन्जिनियर | ९८५५०४६०३५ |
| ४५ | कालिका | सुभाष पोखरेल | इन्जिनियर | ९८४९०२११२५ |
| ४६ | रासी | रमेश चौधरी | क्मप्युटर अपरेटर | ९८०७२४६०४७ |

## क्षेत्रीय समन्वय इकाई पोखरा अन्तर्गत

### जिल्ला विकास समितितर्फ

| क्र.स | जिल्ला | नाम | पद | मोबाइल नं. |
|---|---|---|---|---|
| १ | गोरखा | सतिश कुमार भट्टराई | प्रशासकीय अधिकृत | ९८४१५०७१४१ |
| २ | लमजुङ | शिव रेग्मी | कार्यक्रम अधिकृत | ९८५१०३१५९१ |
| ३ | तनहुँ | ऋषि भक्त वाग्ले | सामाजिक विकास अधिकृत | ९८४६०४३१७८ |
| ४ | स्याङ्जा | थानापति न्यौपाने | सामाजिक विकास अधिकृत | ९८४६०३९१३३ |
| ५ | कास्की | अर्जुन न्यौपाने | सामाजिक विकास अधिकृत | ९८५६०२८०९४ |
| ६ | मनाङ | सुनिता घले | कार्यक्रम अधिकृत | ९८४९९१६६१९ |
| ७ | मुस्ताङ | महेश थकाली | कार्यक्रम अधिकृत | ९८४७६३७७४९ |
| ८ | म्याग्दी | प्रकाश रेग्मी | कार्यक्रम अधिकृत | ९७५६७००५०५ |
| ९ | पर्बत | दीपेन्द्र शर्मा लम्साल | कार्यक्रम अधिकृत | ९८५११८६५९५ |
| १० | बाग्लुङ | हरि प्रसाद शर्मा | कार्यक्रम अधिकृत | ९८५७६३१२६८ |
| ११ | गुल्मी | विनोद मरासिनी | सामाजिक विकास अधिकृत | ९८५७०६१६६५ |
| १२ | पाल्पा | विनोद नेपाल | सामाजिक विकास अधिकृत | ९८५७०६५३७९ |
| १३ | नवलपरासी | मोहनराज ज्ञावाली | सामाजिक विकास अधिकृत | ९८५७०४५६५४ |
| १४ | रुपन्देही | तोपलाल शर्मा | स्थानीय विकास कोष, कार्यकारी सचिव | ९८४७०२१४७४ |
| १५ | कपिलवस्तु | निरन्जन पौडेल | स्थानीय विकास कोष, कार्यकारी सचिव | ९८४७०२१७०० |
| १६ | अर्घाखाँची | नेत्र प्रसाद खनाल | स्थानीय विकास कोष, कार्यकारी सचिव | ९८५७०६१४७२ |

### नगरपालिकातर्फ

| क्र.स | जिल्ला | नाम | पद | मोबाइल नं. |
|---|---|---|---|---|
| १ | गोरखा | विजय उपाध्याय | सामाजिक विकास अधिकृत | ९८५६०४०३१५ |
| २ | पालुङटार | निराज देवकोटा | इन्जिनियर | ९८४१९५९७८१ |
| ३ | वेशीशहर | सन्तोष दनै | कार्यक्रम अधिकृत | ९८४१५६१४२० |
| ४ | सुन्दरबजार | बिजय प्रकाश अधिकारी | कार्यक्रम अधिकृत | ९८४६३७३०२७ |
| ५ | रैनास | राधिका पन्त | कार्यक्रम अधिकृत | ९८४९२५६७०१ |
| ६ | करापुटार | संजय पौडेल | कार्यक्रम अधिकृत | ९८६१२४२२९९ |
| ७ | मध्यनेपाल | दिनेश कुँवर | इन्जिनियर | ९८४६१६८७६१ |
| ८ | व्यास | कुमार कंचन जि.सी | सामाजिक विकास अधिकृत | ९८५६०६०५१७ |
| ९ | शुक्लागण्डकी | त्रिलोचन लम्साल | सूचना अधिकृत | ९८५६०२२१८१ |
| १० | वन्दीपुर | इन्द्र बहादुर थापा मगर | इन्जिनियर | ९८४५२१९१२५ |
| ११ | भानु | जित बहादुर घर्ती | सहायक स्तर ग्रेड ४ | ९८४६०५५५०९ |
| १२ | आँबुखैरेनी | अन्जु गुरुङ | सहायक स्तर ग्रेड ४ | ९८१७११९७११ |
| १३ | पुतलीवजार | प्रतिभा ज्ञावाली | कार्यक्रम अधिकृत | ९८४७०७१३६० |
| १४ | वालिङ | रोशन के.सी | प्राविधिक र योजना शखा प्रमुख | ९८५११८२१४७ |
| १५ | चापाकोट | विज्ञान के .सी | इन्जिनियर | ९८५६०३२१४९ |
| १६ | भीरकोट | विष्णु सुबेदी | कार्यक्रम अधिकृत | ९८४६०८१७३५ |
| १७ | पोखरा उ.म.न.पा. | सबिता ढुंगाना | शहरी गरिबी निबरण अधिकृत | ९८४६०५०३९९ |
| १८ | लेखनाथ | जगन्नाथ कोइराला | इन्जिनियर र योजना अधिकृतक | ९८५६०३४८२२ |
| १९ | वेनी | सबिता शर्मा कंडेल | कार्यक्रम अधिकृत | ९८४७६४२०५९ |
| २० | कुश्मा | गोमा देवी पौडेल | कार्यक्रम अधिकृत | ९८४७२१०४३४ |
| २१ | वाग्लुङ | कपिल प्रसाद भुषाल | कार्यक्रम अधिकृत | ९८५६०३६८९४ |
| २२ | रेसुङ्गा | गोपाल पन्थी | नायब सुब्बा | ९८५७०६४७४६ |
| २३ | तानसेन | सन्तोष गैरे | इन्जिनियर | ९८४१०६२६५९ |
| २४ | रामपुर | सुदिप सुबेदी | इन्जिनियर | ९८४६०५९९८१ |
| २५ | रामग्राम | संजय कुमार शर्मा | सामाजिक बिकाश साखा प्रमुख | ९८५७०४५८७२ |
| २६ | सुनवल | शर्मिला खनाल | इन्जिनियर | ९८५१०९५८०३ |
| २७ | गैंडाकोट | महेन्द्र नाथ खनाल | नायब सुब्बा | ९८४५०५६९८१ |
| २८ | कावासोती | ममता जि.सी | इन्जिनियर | ९८४१३४२६०० |
| २९ | देवचुली | सन्तोष काफ्ले | इन्जिनियर | ९८४६४६७३०६ |
| ३० | वर्दघाट | कृष्ण बहादुर थापा छेत्री | सूचना अधिकारी | ९८५७०८०१६१ |
| ३१ | मध्यबिन्धु | कालिका देवी काफ्ले | कार्यक्रम अधिकृत | ९८४७१४५११७ |
| ३२ | सिद्धार्थनगर | शेखर प्रसाद पन्थी | सामाजिक विकास अधिकृत | ९८४७०६०५११ |
| ३३ | वुटवल | दामोदर ज्ञावाली | सामाजिक विकास अधिकृत | ९८४७०२५९१६ |
| ३४ | सैनामैना | आभा श्रेष्ठ | इन्जिनियर | ९८४७०७१३०९ |
| ३५ | देवदह | गंगाराम पन्थी | प्रसासकीय अधिकृत | ९८५७०६३२२९ |
| ३६ | तिलोत्तमा | महेश बस्याल | इन्जिनियर | ९८४७१३०३६० |
| ३७ | लुम्विनी सांस्कृतिक | भाभा श्रेष्ठ | इन्जिनियर | ९८४९६१६९२४ |
| ३८ | कपिलवस्तु | पदमराज श्रेष्ठ | सामाजिक विकास अधिकृत | ९८४७०३८०५९ |
| ३९ | कृष्णनगर | किरण श्रीबस्ताव | सामाजिक विकास अधिकृत | ९८०७५९४१७६ |
| ४० | शिवराज | प्रकाश बि.क | सामाजिक विकास अधिकृत | ९८५७०१४४९९ |
| ४१ | बाणगंगा | मोहराज पौडेल | इन्जिनियर | ९८५११४३२७० |
| ४२ | बुद्धवाटिका | युवराज पोखरेल | इन्जिनियर | ९८४११५८२२१ |
| ४३ | भृकुटी | नबिन खनाल | वडा सचिब | ९८५७०५०९४४ |
| ४४ | सन्धीखर्क | कृष्णा भुसाल | सहायक स्तर ग्रेड ५ | |

## क्षेत्रीय समन्वय इकाई नेपालगंज अन्तर्गत

### जिल्ला विकास समितितर्फ

| | | | | |
|---|---|---|---|---|
| १ | प्यूठान | लक्ष्मण आचार्य | कार्यक्रम अधिकृत | ९८४७८२०४९१ |
| २ | रोल्पा | रुद्रमणी सुवेदी | कार्यक्रम अधिकृत | ९८४८१७६०६६ |
| ३ | रुकुम | चिन्तामणि दहाल | कार्यक्रम अधिकृत | ९८५७८२१८९० |
| ४ | सल्यान | विमर्श प्रधान | कार्यक्रम अधिकृत | ९८५१११५७०६ |
| ५ | दाङ | यमुना शर्मा | कार्यक्रम अधिकृत | ९८४३०४८२६७ |
| ६ | बाँके | शरद कुमार पौडेल | कार्यक्रम अधिकृत | ९८५८०२१३६१ |
| ७ | बर्दिया | कृष्ण प्रसाद पाण्डे | स्थानीय विकास कोष, कार्यकारी सचिव | ९८४८०२८२७८ |

| क्र. स | जिल्ला | नाम | पद | मोबाइल नं. |
|---|---|---|---|---|
| ८ | सुर्खेत | टंक प्रसाद लामिछाने | कार्यक्रम अधिकृत | ९८४८०५०३२५ |
| ९ | दैलेख | दिल बहादुर शाही | स्थानीय विकास कोष, कार्यकारी सचिव | ९८५८०५१४०० |
| १० | जाजरकोट | प्रकाश कुमार शाही | स्थानीय विकास कोष, कार्यकारी सचिव | ९८४८०३१२०५ |
| ११ | डोल्पा | दन्त न्यौपाने | कार्यक्रम अधिकृत | ९८४८३१६७२२ |
| १२ | कालिकोट | नर जंग शाही | स्थानीय विकास कोष, कार्यकारी सचिव | ९८४८३०१०७० |
| १३ | मुगु | नर बहादुर बिक | योजना अधिकृत | ९८५१०८२३३६ |
| १४ | हुम्ला | जंग बहादुर रोकाया | स्थानीय विकास कोष, कार्यकारी सचिव | ९८४८३६९६०० |
| १५ | जुम्ला | छेत्र बहादुर बूढथापा | बरिष्ठ कार्यक्रम अधिकृत | ९८५८३२०११४ |

## नगरपालिकातर्फ

| क्र. स | जिल्ला | नाम | पद | मोबाइल नं. |
|---|---|---|---|---|
| १ | प्यूठान | विधान पण्डित | इन्जिनियर | ९८४११७६१७० |
| २ | लिवाङ | नवराज रोकाया | कार्यक्रम अधिकृत | ९८६०६६८८८६ |
| ३ | मुसिकोट | घनश्याम शर्मा | इन्जिनियर | ९८५१०४७६४३ |
| ४ | चौरजहारी | जीवलाल कवार | प्रशासकीय सहायक | ९८४७८१२६६६ |
| ५ | शारदा | लोकेश पौडेल | इन्जिनियर | ९८४६२६०८७८ |
| ६ | बागचौर | थमन योगी | सव इन्जिनियर | ९८०४५८६४८० |
| ७ | तुल्सीपुर | भिम बहादुर खत्री | कार्यक्रम अधिकृत | ९८४७८४९१३५ |
| ८ | घोराही | स्मृति भण्डारी | कार्यक्रम अधिकृत | ९८४३१४३५५० |
| ९ | लमही | संगम चौधरी | इन्जिनियर | ९८४१५७११२९ |
| १० | त्रिपूर | विपना बर्तौला रेग्मी | कार्यक्रम अधिकृत | ९८४५०२८५२३ |
| ११ | नेपालगञ्ज | कृष्ण प्रसाद जोशी | सामाजिक विकास अधिकृत | ९८४८०२७२३४ |
| १२ | कोहलपुर | आरती देवकोटा | इन्जिनियर | ९८४६२७८८७३ |
| १३ | गुलरिया | घनश्याम अधिकारी | सामाजिक विकास शाखा प्रमुख | ९८४८०२८३८३ |
| १४ | राजापुर | राम किसुन थारु | इन्जिनियर | ९८५८०३०८६० |
| १५ | सानोश्री ताराताल | भुपेन्द्र बोहोरा | इन्जिनियर | ९८४६२६०१५५ |
| १६ | बाँसगढी | चिरन्जीवी लम्साल | इन्जिनियर | ९८४१०४४४२२ |
| १७ | बबई | सनी मल्ल | खरिदार | ९८४८१७५५४४ |
| १८ | वीरेन्द्रनगर | निर्मला भट्टराई | वरिष्ट सामाजिक परिचालक | ९८४८१९९७२४ |
| १९ | भेरीगंगा | नरेश खड्का | इन्जिनियर | ९८४१७२०१३५ |
| २० | सुभाघाट गंगामाला | मेघराज खत्री | इन्जिनियर | ९८५८०५२१९५ |
| २१ | नारायण | ईन्द्र बहादुर थापा | सामाजिक विकास शाखा प्रमुख | ९८४८०६३०७९ |
| २२ | दुल्लु | कुमार खेमसुन्दर साही | इन्जिनियर | ९८५८०५१०३३ |
| २३ | भेरिमालिका | नवराज शर्मा | इन्जिनियर | ९८४८०८४११२ |
| २४ | चन्दननाथ | मनोज कुमार गिरी | इन्जिनियर | ९८४३१४९६७६ |

# क्षेत्रीय समन्वय इकाई कैलाली अन्तर्गत

## जिल्ला विकास समिति तर्फ

| क्र. स | जिल्ला | नाम | पद | मोबाइल नं. |
|---|---|---|---|---|
| १ | बाजुरा | नीर बहादुर शाही | स्थानीय विकास कोष, कार्यकारी सचिव | ९८४८५२३२८४ |
| २ | बझाङ | बीरेन्द्र बहादुर सिंह | सामाजिक विकास अधिकृत | ९८६८४१०४४८ |
| ३ | अछाम | रतन रावल | स्थानीय विकास कोष, कार्यकारी सचिव | ९८४८६८९८१२ |
| ४ | डोटी | टेक बहादुर खडका | सामाजिक विकास अधिकृत | ९८५८४४०२३९ |
| ५ | कैलाली | यगम कलेल | सामाजिक विकास अधिकृत | ९८५८४२०८८५ |
| ६ | कंचनपुर | प्रेम बोगटी | स्थानीय विकास कोष, कार्यकारी सचिव | ९८५८७५०६८५ |
| ७ | डडेलधुरा | नन्दराम खत्री | स्थानीय विकास कोष, कार्यकारी सचिव | ९७४१०९१५२६ |
| ८ | बैतडी | अम्बादत्त अवस्थी | कार्यक्रम अधिकृत | ९८४८८३२४९४ |
| ९ | दार्चुला | युवराज जोशी | स्थानीय विकास कोष, कार्यकारी सचिव | ९७४९५०३३२८ |

## नगरपालिकातर्फ

| क्र. स | जिल्ला | नाम | पद | मोबाइल नं. |
|---|---|---|---|---|
| १ | बडिमालिका | उपेन्द्र साउद | इन्जिनियर | ९८६८५८२४६४ |
| २ | जयपृथ्वी | रोशन भट्ट | इन्जिनियर | ९८६०५५७४८४ |
| ३ | मंगलसेन | दीपक तिमिल्सिना | इन्जिनियर | ९८५१२४९२०० |
| ४ | साँफेवगर | पुर्ण कुँवर | इन्जिनियर | ९८४१७९६७०२ |
| ५ | कमलबजार | भिमराज खतिवडा | कार्यक्रम अधिकृत | ९८४८५५४२६४ |
| ६ | दिपायल सिलगढी | डम्बरु जोशी | इन्जिनियर | ९८४१५५८१५५ |
| ७ | भीमदत्त | बिष्णु देव भट्ट | नायब सुब्बा | ९८४८७२४६०६ |
| ८ | पुनर्वास | नारायणी अधिकारी | कार्यक्रम अधिकृत | ९८६०८०२९११ |
| ९ | वेलौरी | निर्मला भण्डारी | कार्यक्रम अधिकृत | ९८६६९४४१३४ |
| १० | दोधारा चाँदनी | गोविन्दराज उपाध्याय | कार्यक्रम अधिकृत | ९८४३६९३५६१ |
| ११ | झलारी पिपलाडी | सन्तोष कुमार बिष्ट | कार्यक्रम अधिकृत | ९८४८७२६४४५ |
| १२ | बेलडाडी | राज बहादुर बिष्ट | नायब सुब्बा | ९८०९४६८८६० |
| १३ | बेदकोट | सतीश बहादुर शाही | इन्जिनियर | ९८४१३५३६४८ |
| १४ | कृष्णपुर | प्रेम बहादुर बिष्ट | नायब सुब्बा | ९८४८७६४९३३ |
| १५ | धनगढी | टंक बिस्ट | नायब सुब्बा | ९८४८४४९८५७ |
| १६ | टिकापुर | देवी प्रसाद आचार्य | नायब सुब्बा | ९८४८४२०४२८ |
| १७ | अत्तरिया | रिचा रिमाल | इन्जिनियर | ९८४११८३४२९ |
| १८ | लम्कीचुहा | यागेश्वरी खडका | इन्जिनियर | ९८४९९४३४५५ |
| १९ | भजनी त्रिशक्ति | पुर्ण प्रसाद जोशी | नायब सुब्बा | ९८४८५६९३६४ |
| २० | घोडाघोडी | अशोक जोशी | इन्जिनियर | ९८४३६१८१८१ |
| २१ | अमरगढी | लाल बहादुर साउद | नायब सुब्बा | ९८४८८०२६३२ |
| २२ | परशुराम | नरेन्द्र बहादुर भाट | इन्जिनियर | ९८६५६११८६९ |
| २३ | दशरथचन्द | सन्तोष कुमार खत्री | कार्यक्रम अधिकृत | ९८४८७३०४१८ |
| २४ | पाटन | मनोज कुमार चन्द | इन्जिनियर | ९८५११८७६३१ |
| २५ | अपी | महेन्द्र सिंह | इन्जिनियर | ९८५११२४२९९ |

# पत्रपत्रिकाहरूमा एलजिसिडिपी

## बाल विवाह रोक्न प्रतिवद्धता

*कमल वि.क./प्यूठान समाचार*

*सारी, २७ बैशाख ।*

'बाल विवाह अपराध हो, हामी आजै देखी बालविवाह गर्न दिने तथा हुन दिनेछैनौं' भन्दै सारीका स्थानीयले प्रतिवद्धता जनाएका छन् । १८ वर्ष मुनिका बालबालिकाको विवाह हुन लागेको थाहा पाएमा स्थानीय बाल संरक्षण समिति, बालबालिकाको क्षेत्रमा क्रियाशिल संघसंस्था, गाविस, जिल्ला बाल कल्याण समिति प्यूठान तथा जिल्ला प्रशासन कार्यालयमा खबर गर्ने उनीहरुले प्रतिबद्धता जनाएका हुन् ।

सारी गाविसको आयोजना तथा जिल्ला बाल कल्याण समिति प्यूठान, कालिका विकास केन्द्र नेपाल र सेभ द चिल्ड्रेनको सहयोगमा सारी-७ फ्कोल पिपलधारामा शनिबार सम्पन्न बालविवाह न्यूनिकरणको अर्न्तक्रिया कार्यक्रमका सहभागीहरुले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

बालबालिकाको शारिरीक विकासको शिक्षा कत्ति आवश्यक ?, गरीबीका कारण बालविवाह हुने समस्या, आफै विवाह गर्ने, बालविवाह गराउन माग्न जानेलाई, ब्राह्मण, विवाहित र भोजमा सहभागी हुनेलाई के सजाए हुने ?



*बाल विवाह रोक्न नृत्य प्रस्तुत गर्दै स्थनीय बाल कलाकार । तस्विर : कमल वि.क.*

आधुनिक विद्युतीय सामाजिक सञ्जाल, मोवाइल फोनको दुरुपयोगका विषयमा सहभागीले राखेको समस्याको जिज्ञासालाई जिल्ला बाल कल्याण समिति प्यूठानका अध्यक्ष मेघराज भट्ट, सेभ द चिल्ड्रेन प्यूठानका कार्यक्रम संयोजक अनन्त बि.क., गाविस सचिव दिनेश सापकोटाले सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा बोल्ने वक्ताहरुले बालविवाह सामाजिक अपराध भएकोले यसलाई अन्त्य गर्नुपर्ने भन्दै हरेक तह, तप्का र निकायको सहयोग आवश्य रहेको बताएका छन् । कार्यक्रममा स्थानीय बाल क्लव, आमा समुह लगायतका समुहले बाल विवाह विरुद्धको सन्देशमूलक गीत नृत्य, तथा नाटक समेत प्रस्तुत गरेका थिए ।

सारी गाविसका बालबालिका, विभिन्न समुह, संघसंस्था, राजनीतिक दल, सामाजसेवी, बुद्धिजिवि लगायतको उपस्थिति रहेको थियो । गाविस सचिव दिनेश

## डेनमार्क र नर्वेद्वारा थप ७० करोड सहयोग

काठमाडौं/रासस- डेनमार्क र नर्वेले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमलाई ७० करोड रुपैयाँ अतिरिक्त आर्थिक सहायता प्रदान गरेको छ । जनउत्तरदायी संयन्त्रबाट पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी स्थानीय सुशासनमा प्रवर्द्धनमा उल्लेखनीय भूमिका निर्वाह गरेको निष्कर्षसहित दाताले अतिरिक्त आर्थिक सहायता उपलब्ध गराएका हुन् । सो कार्यक्रम मातहत सञ्चालित वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रलाई डेनमार्क, नर्वे, स्विट्जरल्यान्ड, एसियाली विकास बैंक, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमसहित १४ वटा दातृनिकायले आर्थिक सहयोग उपलब्ध गराउँदै आएका छन् ।

सन् २००८ देखि सञ्चालित यस कार्यक्रमले सामाजिक परिचालनको माध्यमबाट जनप्रतिनिधि विहीन वर्तमान अवस्थामा वडा नागरिक मञ्चको सहभागितामा स्थानीय योजना तर्जुमा पद्धति सुदृढ तुल्याउँदै आएको छ । मुलुकका ३१ हजार ४१४ वडामा गठन भएको वडा नागरिक मञ्चमा हाल सात लाख ५९ हजार ५९८ संलग्न रहँदै आएका छन् । अत्यन्तै समावेशिताको नमुनाको रूपमा रहेको वडा नागरिक मञ्च २५ देखि २७ सदस्यीय रहेको छ । अति विपन्न समुदायको गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउँदै आएको नागरिक सचेतना केन्द्रमा अहिले एक लाख ७४ हजार ७७२ महिला आबद्ध छन् । नागरिक सचेतना केन्द्र विभिन्न निकायबाट प्रदान गरिने सेवा सुविधा प्राप्त गर्ने विधि र प्रक्रियाको बारेमा जानकारी लिई त्यस विषयमा विपन्न समुदायको चेतना अभिवृद्धि, पहुँच विस्तार, सशक्तीकरण र जीविकोपार्जनमा क्रियाशील रहिआएको छ । यस्ता प्रकृतिका सामाजिक परिचालन र समग्र रूपमा स्थानीय शासन प्रक्रियालाई सुदृढीकरण गरी जनउत्तरदायी बनाउने नेपाल सरकारको अभियानमा अन्तर्राष्ट्रिय समुदायले प्रभावकारी सहयोग पुऱ्याउँदै आएका हुन् । समग्र सुशासन अभिवृद्धि र सामाजिक जागरणका कार्यक्रमका लागि सम्पूरक कोषका रूपमा सरकारबाट १ अर्ब १२ करोड व्यवस्था गरेको छ ।

सो चार वर्षे कार्यक्रममा अन्तर्राष्ट्रिय दातृ समुदायले दुई अर्ब ३६ करोड रुपैयाँबराबरको सहयोग उपलब्ध गराएका हुन् । स्थानीय विकास मन्त्रालयका सचिव महेन्द्रमान गुरुङ विकास साझेदारबाट प्राप्त सहयोगले संविधान कार्यान्वयन र विकासका माध्यमबाट संक्रमणकालीन अवस्थाको सम्बोधनसँगै स्थानीय शासन रूपान्तरणद्वारा नागरिकमा सुशासन प्रवर्द्धनमा हुने बताउँछन् । स्थानीय निकायले प्रारम्भका दिनमा कतिपय स्थानमा यी कार्यक्रमलाई आफ्नो प्रतिस्पर्धीको रूपमा लिने गरेकोमा कार्यक्रमको आवश्यकता र प्रभावकारिता पुष्टि भएसँगै अहिले त्यो समस्या हटेको छ । नेपालका लागि स्विस राजदूत डा. उर्स हेरेन स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिविहीन रहेको अवस्थामा कार्यक्रमको रणनीति अत्यन्त प्रभावकारी रहेको जनाउँदै रामेछापका विपन्न वर्गमा सामाजिक आर्थिक रूपले सशक्तीकरण गरेको घटनाबाट आफू प्रभावित भएको उल्लेख गरे ।

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको सातौं सल्लाहकार समितिको हालैको बैठक कार्यक्रमलाई थप प्रभावकारी तुल्याउन वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना २०१५-२०१७ को प्रभावकारी कार्यान्वयनका लागि सिफारिस गर्ने लगायतका महत्त्वपूर्ण १७ वटा निर्णय गरिएको प्रवक्ता छवि रिजालले जानकारी दिए । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सह-सचिव पूर्णचन्द्र भट्टराईले स्थानीय शासन तथा सामुदायिक विकासको क्षेत्रमा आ-आफ्नो ढंगबाट संलग्न भई काम गर्दै आएका विकास साझेदारलाई संयुक्त वित्तीय संरचनाभित्र सहभागी भई सहयता उपलब्ध गराउन अभिप्रेरित गरिने बताए ।

## सिसी क्यामरा जडानपछि सेवा चुस्त

**गोविन्द केसी**

*दैलेख, भदौ ८*

### काम छोडेर भित्र-बाहिर गर्ने कर्मचारीहरु पनि सिसी क्यामेरा जडान भएपछि घटेका छन् ।

जिल्ला विकास समितिले सिसी क्यामेरा जडानपछि सेवा चुस्त भएको जनाएको छ । कार्यालयमा भइरहेका काम नजिकबाट नियाल्न थालेपछि सेवा चुस्त भएको हो । कार्यालयको प्रवेशद्वार, लेखा फाँट र हलमा सिसी क्यामेरा जडान गरिएको छ । स्थानीय विकास अधिकारी हरि प्याकुरेलले सिसी क्यामेराबाट कर्मचारीका गतिविधि नियाल्न थालेका छन् । महिनापछि कार्यालयका सबै फाँटमा क्यामेरा जडान गरिने कार्यालयले जनाएको छ । क्यामेरा जडानपछि कर्मचारी पनि समयमा कार्यालय पुग्ने गरेको एक कर्मचारीले बताए । 'समयमा कार्यालय पुगिएन भने स्पष्टीकरण दिनुपर्छ,' उनले भने, 'कार्यालय समयमा मनपरी काम छाडेर भित्र-बाहिर गर्ने प्रवृति अन्त्य भएको छ ।'

क्यामेरा जडानपछि सेवाप्रवाह प्रभावकारी भएको योजना अधिकृत पदम सापकोटा बताउँछन् । 'पछिल्लो समय मनपरी काम छोडेर भित्र-बाहिर गर्नेहरू पनि घटेका छन्,' सापकोटाले भने, 'हरेक कर्मचारी लकबुक भरेर मात्र बाहिर जाने नियम भएकाले अतिआवश्यक काम र खाजा खानका लागि मात्र कर्मचारी जाने गरेका छन् ।' सेवाग्राहीलाई दिइने सेवा अझ चुस्त पार्न क्यामरा प्रयोग गरिएको स्थानीय विकास अधिकारी हरि प्याकुरेलले बताए । सेवाग्राहीले छिटोछरितो सेवा दिए/नदिएको कति दिन सेवाग्राही कार्यालयमा धाएको लगायत क्यामराबाट देखिने भएकाले शंकास्पद फाँट र कर्मचारीलाई व्यक्तिलाई कार्यकक्षमै बोलाएर सेवाका बारेमा जानकारी दिन सहज हुने स्थानीय विकास अधिकारी प्याकुरेलको भनाइ छ ।



कार्यालयभित्र भइरहेका गतिविधि नियाल्दै स्थानीय विकास अधिकारी हरि प्याकुरेल । *तस्बिर : गोविन्द/नागरिक*

'मनपरी रुपमा कर्मचारी भित्र-बाहिर गर्ने क्रम पनि ५० प्रतिशत घटेको छ,' स्थानीय विकास अधिकारी प्याकुरेलले भने, 'यसले सेवाप्रवाह प्रभावकारी बनाएको छ ।' साउनको पहिलो हप्तामा जोडिएको हो । सिसी क्यामेरा जडानपछि काम छिटो र सहज हुने सेवाग्राही बताउँछन् । जिल्लाका सरकारी कार्यालयमध्ये पहिलोपटक जिविसमा सिसी क्यामेरा जडान गरिएको हो ।

## विहे भएको २६ वर्षपछि नागरिकता

### हाते पुस्तकले खोली दियो आँखा

राकम, सुर्खेत

लिसिडाँडा नागरिक सचेतना केन्द्र राकम-७, सुर्खेतकी सदस्य गौरी वि.क.ले विहे भएको २६ वर्षपछि पति मनवीर नेपालीको नागरिकता बनाउन सफल भएकी छन् । वर्षौदेखि श्रीमान्ले नागरिकता बनाउने प्रयास गर्दा पनि असफल भइरहेको भन्दै गौराले खुशी प्रकट गर्दै भनिन् "यसपटक त नागरिकता बनाएरै छाडियो !" श्रीमान्ले पनि कम चासो दिएका कारण नागरिकता बनाउने चाहना पूरा नभएको उनको भनाइ छ । म धेरै समय भारततिर मजदुरीमै हुन्छु मलाई किन नागरिकता चाहियो र भन्दै झन्झट मान्नु हुन्थ्यो श्रीमान्को कुरा उक्काउँदै गौराले भनिन् ।

गौराले नागरिकतबारे खाश महत्व बुझेको पनि धेरै भएको छैन । स्थानीय सरकारको जवाफदेहिता अभिबृद्धि परियोजनाद्वारा सञ्चालित नागरिक शिक्षा तालिममा जब उनले नागरिकका अधिकारयुक्त सेवा सुविधासम्बन्धी हाते पुस्तक पाइन् त्यसको महत्वबारे तालिममा उठेको छलफलले श्रीमान्को नागरिकता बनाउन उनलाई हौस्यायो ।

नागरिकता बनाउने काम त आफ्नै रहेछ अनि पो नागरिकले पाउने सुविधाहरू पाइन्छ त भन्दै श्रीमान्लाई सम्झाउन सफल गौरा नागरिकता बनेपछि छोराछोरीको भविष्य सफल बनाउन निकै सजिलो हुने बताउँछिन् । भन्छिन्, अब हामी नेपाली नागरिक भएको कुरा हाँसो र खुशीका साथ भन्न पाइने भो छोराछोरीलाई जागिर खान देश विदेश जान र कुनै अवसर पाउन सजिलो हुनेभो ।

लिसिडाँडा नागरिक सचेतना केन्द्र राकमकी सदस्य दुर्गा वि.क. भन्छिन् स्थानीय सरकारको जवाफदेहिता अभिवृद्धि परियोजनाले सञ्चालन गरेको नागरिकका अधिकारमुखी सेवासम्बन्धी शिक्षा र नागरिकको अधिकार र दायित्व भएको हातेपुस्तिकाले गौरीका श्रीमान्को नागरिकता बनाउन सफल भइएको हो । नागरिक शिक्षा तालिममा सहभागी श्रीमतीको प्रेरणाले नागरिकताको महत्व बुझेपछि मात्रै नागरिकता बनाएको भन्दै ढिलो आँखा खुलेको भन्छन् गौरीका श्रीमान् मनवीर नेपाली ।

त्यसो त सचेतना केन्द्रमा आवद्ध भएपछि विपन्न समुदायका नागरिकले आफ्नो कुरा राख्ने, बोल्ने, विकास र अवसरको खोजी गर्ने, लक्षित वर्गका कार्यक्रमहरू खोज्ने, महिला तथा दलितको पक्षमा वकालत गर्ने, उनीहरूलाई



राज्यले प्रदान गर्ने अधिकारमुखी सेवा तथा सुविधाहरूबारे सचेत गराउने, गाउँका योजना तर्जुमा, विकास निर्माण तथा गतिविधिमा सहभागी हुन हौसला दिएको स्थानीय नागरिक अगुवाहरूको भनाइ छ । राकम गाविसका सामाजिक परिचालक विन्दबहादुर अधिकारी पछाडि पारिएका समुदाय तथा विपन्न वर्गको उत्थानका लागि निरन्तर रूपमा सचेतना जरुरी रहेको औंल्याउँछन् ।

## पहिले बगर, अहिले सुन्दरपुर



**राजकरण महतो**

मिथिला नगरपालिकाको एक गाउँ सुन्दर भएर पनि ओझेलमा छ । खोलाको बगरमा बसोबास गर्ने सुकुमबासीहरूले धनुषाको मिथिला नगरपालिका ८ सुन्दरपुरमा सामूहिक बाख्रापालन व्यवसाय गरेका छन् । जिल्लाको बेंगाडारको बडहरी खोलाको बगरमा ३२ सुकुमबासीले यो व्यवसाय थालेका हुन् । नागरिक सचेतना केन्द्र बाख्रापालन समूह गठन गरेर सबै सुकुमबासीले बाख्रा पाल्न थालेको समूहकी अध्यक्ष सोनुमाया परियारले बताइन् ।

यहाँ जमिनमाथिबाट खोलो कुद्थ्यो । अहिले दलित र आदिवासी सुकुमबासीको बसोबास छ । बाख्रा फार्म छ । धनुषा सेवा समिति अध्यक्ष समीर घिमिरेले यहाँका सुकुमबासी जीवन परिवर्तनक्रममा रहेको बताए । बडहरी खोलाले उनीहरूको बसोबास रहेको बस्ती कतिखेर बगाउँछ टुंगो छैन । तर, उनीहरू यहाँ बसेको दशक बितेको छ । बाख्रा फार्मले उनीहरूको संघर्षमय जीवन थप संघर्षमय बनाउँदैछ ।

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमअन्तर्गत सुकुमबासीले तीन लाख १५ हजार रुपैयाँ अनुदान पाएपछि दुई महिनादेखि बाख्रा खोर बनाए । उनीहरूका घरमा बिहान-बेलुका के खाने भन्ने समस्या थियो । अहिले उनीहरू ५७ हजार रुपैयाँको श्रमदानसमेत गरेर व्यवसायमा लागेका छन् ।

दैनिक ज्यालादारीबाट उनीहरू छाक टार्दैछन् । मेहनत र परिश्रम गरेर रकम जुटाएको समूह सदस्य पार्वती ठाकुरले बताइन् । उनी भन्छिन्, 'अरूको काम मात्र कति गर्ने भनेर आफ्नै समूहमा काम थालेका हौं ।' यी सुकुमबासीलाई हेफर इन्टरनेसनल र गरिबी निवारण कोषले पनि सहयोग गरेको छ ।

खोलाको दुई विघा बगरमा उनीहरूले बाख्रापालन गरेका हुन् । अहिले फार्ममा ३० भन्दा बढी उन्नत जातका खसी, पाठापाठी र बोका छन् ।

५६ घर बसोबास गर्ने सुन्दरपुर नगरीका स्थानीयको जीवन ज्याला मजदुरीबाटै चलिरहेको स्थानीय फौदबहादुर मगरको भनाइ छ । यो बस्तीका बालबालिकाले अहिलेसम्म पाँच कक्षाको पढाइ नसकेको स्थानीय मोहनलाल ठाकुरले बताए ।



अहिले केही बालबालिका बस्तीभन्दा पश्चिमको खोला पार गरेर चार किलोमिटरभन्दा टाढाको स्कुलमा पढ्न जान्छन् । खोलामा बाढी आउँदा सताउँछ । 'आफू एकाबिहानै ज्याला-मजदुरी गर्न जानुपर्छ । कसरी स्कुल पठाउने भन्ने चिन्ता छ,' स्थानीय पानो सहनीले बताइन् ।

सधैं अरूको घरमा परिवारै बस्ने, काम गर्ने, त्यहीं खाने उनीहरूको दिनचर्या बाख्रा फार्मले परिवर्तन भइरहेको छ । आफ्नो सक्रियतामा उनीहरूले आफ्नो त्यो बगर हराभरा र सुन्दर बनाएका छन् । सुकुमबासी टोल अब टोल होइन, सुन्दरपुर नगरीका नामले चिनिँदै गरेको स्थानीय भक्तबहादुर परियारले बताए ।

*-बर्दिबास, महोत्तरी*



"नागरिकमा खुशियाली : सुशासनको बहाली ।"